नेपाली पहिचान निर्माण गर्न पर्वहरूको महत्त्वपूर्ण योगदान... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २७ •अंक २३२ • २०८२ साल माघ ६ गते मंगलबार (20 January, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## नवप्रवेशी सिंहको नाममा चर्को विरोध

**टुडे समचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को टिकट वितरणमा चलखेल भएको भन्दै नेता तथा कार्यकर्ताहरूले नारावाजीसहित विरोध प्रदर्शन गरेका छन् ।

जनकपुरधामस्थित एक होटेलबाट उम्मेदवारीको नाम टुंगो लगाउनका लागि पार्टी शीर्षनेता, मधेश प्रदेश र जिल्लाका प्रतिनिधिसहितको बसेको बैठकमा विघटित प्रतिनिधिसभाका सदस्य अमरेश नारायण सिंहको उम्मेदवारीको विषयमा नेता तथा कार्यकर्ताहरुले नै असन्तुष्टि जनाउँदै चर्को विरोध गरेका छन् ।

नवप्रवेशी सिंहलाई सर्लाही क्षेत्र नम्बर ४ बाट उम्मेदवारको टिकट दिएपछि बैठकस्थलमा उनीविरुद्ध नेता तथा कार्यकर्ताहरुले नाराबाजी गर्दै पार्टी छोड्न चेतावनी दिएका छन् ।

पार्टी अध्यक्ष रवि लामिछानेले टिकट बेच्न लागेको आरोप लगाउँदै पार्टी विरुद्ध समेत उनीहरुले नाराबाजी गरेका छन् । उनीहरुले रास्वपामा धाँधली चल्दैन, टिकट बेच्न पाइँदैन भन्ने जस्ता नारावाजी गरे ।

सभापति लामिछाने र वरिष्ठ नेता बालेन साहको उपस्थितिमा टिकट वितरण भइरहेको क्रममा विरोधमा उत्रेका कार्यकर्ताहरुलाई प्रहरीले नियन्त्रणमा लिएका छन् ।

### आज उम्मेदवारी दर्ता

# केही दलबाट पुरानै नेता दोहोरिए पनि अधिकांश नयाँ अनुहार उम्मेदवार बन्दै

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलले आकांक्षी उम्मेदवारहरुको नाम टुंगो लगाएका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मंगलबारदेखि निर्वाचन आचारसंहीतासँगै उम्मेदवारी पनि दर्ता हुँदैछ । यसका लागि राजनीतिक दलले आ-आफ्नो उम्मेदवारको नाम टुंगो लगाएको छ । भने कतिपय दलमा भने विवाद पनि उत्पन्न भएको छ ।

प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी(नेकपा), जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा), राष्ट्रिय मुक्ति पार्टी नेपाललगायतका दलले आ-आफ्नो उम्मेदवारको नाम टुंगो लगाएका छन् ।

नेपाली कांग्रेसले धुनषा निर्वाचन क्षेत्र नम्बर १ र धनुषा- २ मा कांग्रेसमा विवाद उत्पन्न भएको छ ।

पार्टीकी नवनिर्वाचित सहमहामन्त्री मुक्ता यादव र केन्द्रीय सदस्य रामपल्टन साहले समेत सो क्षेत्रबाट आफू पनि आकांक्षी उम्मेदवार रहेको भन्दै दाबी गरेपछि आनन्द ढुंगानाको दाई दिलिप ढुंगानाको नाममा विवाद भएको स्रोतले जनाएको छ । त्यस्तै धनुषा- २ मा नेता शेखर कोइरालाले दिनेश प्रर्सैलाका लागि अडान लिएपछि विवाद उत्पन्न भएको छ । उक्त क्षेत्रका लागि विमलेन्द्र निधिले रामकृष्ण यादवलाई टिकट नदिँदा आफू पनि धनुषा- ३ बाट चुनाव नलड्ने अडान लिएपछि टिकट वितरणमा सकस भएको छ ।




यता धनुषा- ३ बाट विमलेन्द्र निधि, क्षेत्र नम्बर ४ बाट महेन्द्र यादवको नाम टुंगो लागिसकेको छ । त्यस्तै नेकपाले धनुषा क्षेत्र नम्बर १ बाट मातृकाप्रसाद यादव, क्षेत्र नम्बर २ मा रामचन्द्र झा, क्षेत्र नम्बर ३ मा रामललित मण्डल र क्षेत्र नम्बर ४ मा संजय कुमार महतोको नाम टुंगो लगाएको छ । त्यस्तै नेकपा एमालेले धनुषा क्षेत्र नम्बर १ बाट रामचन्द्र मण्डल, क्षेत्र नम्बर २ बाट उमाशंकर अरगरिया, क्षेत्र नम्बर ३ बाट जुली कुमारी महतो र क्षेत्र नम्बर ४ बाट रघुवीर महासेठको नाम टुंगो लगाएको छ ।

जसपा नेपालले धनुषा क्षेत्र नम्बर १ बाट दीपक कार्की, क्षेत्र नम्बर २ बाट पशुपति यादव, क्षेत्र नम्बर ३ बाट परमेश्वर साह, क्षेत्र नम्बर ४ बाट ज्ञानेन्द्र कुमार यादवको नाम टुंगो लगाएको जसपा नेपालका नेता रामकुमार शर्माले बताए ।

त्यस्तै जनमत पार्टीले उम्मेदवारीका लागि धनुषा क्षेत्र नम्बर १ मा ब्रह्मदेव महतो, डा. सुरेन्द्र प्रसाद यादव, संजय ठाकुर र इन्द्रजीत यादवको नाम टुंगो लगाएको पार्टी धनुषाकी इन्चार्ज अनिता साहले बताइन् ।

त्यस्तै रास्वपाले धनुषा क्षेत्र ३ बाट मनिष झाले उम्मेदवारी दर्ता गराउने भएका छन् । तर मधेश प्रदेशसहित धनुषाको अन्य क्षेत्रको समेत नाम टुंगो लाग्न समय लाग्ने पार्टीका नेता अम्बु साहले बताए । उनले धनुषाको अन्य क्षेत्रको उम्मेदवारी नाम मंगलबार विहानसम्ममा टुंगो लागिसक्ने बताए । उनले पार्टीमा आकांक्षी उम्मेदवारका कारण टुंगो लगाउनमा सकस भएको बताए ।

त्यस्तै राष्ट्रिय मुक्ति पार्टीले धनुषा क्षेत्र नम्बर १ बाट संजय कुमार सिंह, क्षेत्र नम्बर २ मा विनोद ठाकुर, क्षेत्र नम्बर ३ बाट राजीव झा र क्षेत्र नम्बर ४ मा महावीर यादवलाई उम्मेदवारको रुपमा अघि सारेको जनाइएको छ । रामुपाका नेतासमेत रहेका राजीव झाले मंगलबार आकांक्षी उम्मेदवारको नाम टुंगो लागिसकेको स्पष्ट पारे ।

कांग्रेस, एमाले, जसपा र नेकपाले विगत देखि नै केही नेताहरुलाई सांसद बन्ने पुनः अवसर दिए पनि नेकपाले धनुषा- ३ मा रामललित मण्डल र धनुषा- ४ मा संजयकुमार महतो नयाँ अनुहार हुन् ।

त्यस्तै जनमत, रास्वपा, रामुपाले भने नयाँ अनुहारलाई अघि सारेको देखिन्छ ।

दलहरुले आ-आफ्ना पार्टीबाट उम्मेदवारको नाम टुंगो लागए पनि स्वतन्त्र रुपमा उम्मेदवारी दिनेहरुले अहिलेसम्म पनि आफ्नो नाम घोषणा गरेका छैनन् । सम्भवतः मंगलबार नै पार्टीबाट उम्मेदवार बन्न नसकेमा बागी भएर उम्मेदवारी दर्ता गराउनसक्ने कतिपयले अनुमान गरेका छन् ।

## ठाकुरकी छोरीले टिकट पाउँदा यादवद्वारा जसपा परित्याग

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीमा जसपा नेपालका शीर्षनेताले छोरीलाई उम्मेदवार बनाएपछि नेता हरि नारायण यादवले आफ्नो असन्तुष्टि पोख्दै पार्टी परित्याग गरी रास्वपाबाट उम्मेदवारी दिने भएका छन् ।

जसपा नेपालका संरक्षक महन्थ ठाकुरले निर्वाचन जितेको क्षेत्र आफ्नी छोरी मिनाक्षी ठाकुर लाई उम्मेदवार बनाउने निर्णय गरेपछि नेता यादवले सोही क्षेत्रमा रास्वपाबाट उम्मेदवारी दिने जनाएका छन् ।

त्यस्तै जसपा महोत्तरी निर्वाचन क्षेत्र १ बाट योगनारायण महतो, क्षेत्र नम्बर २ सरतसिंह भण्डारी, क्षेत्र नम्बर ३ बाट ठाकुर र क्षेत्र नम्बर ४ बाट डा. सुरेन्द्र यादवले उम्मेदवारी दिने टुंगो लागेको जसपा नेपालका नेता रामकुमार शर्माले बताए ।

त्यस्तै महोत्तरी- १ बाट काफ्ले, क्षेत्र नम्बर २ बाट किरण यादव, क्षेत्र नम्बर ३ बाट बजरंग नेपाली र ४ मा महेन्द्र रायको नाम टुंगो लागेको जनाइएको छ ।

त्यस्तै नेकपाबाट महोत्तरी निर्वाचन क्षेत्र नम्बर १ बाट गिरिराजमणि पोखरेल, क्षेत्र नम्बर २ लक्ष्मण यादव, क्षेत्र नम्बर ३ बाट चन्द्रमोहन श्रेष्ठ र क्षेत्र नम्बर ४ बाट भरतप्रसाद साहले उम्मेदवारी दिने भएका छन् । नेकपा माओवादी केन्द्रका संसदीय दलका नेतासमेत रहेका साहले प्रदेश सांसदबाट समेत राजीनामा दिइ उम्मेदवारी दिने उनले बताए ।

त्यस्तै नेकपा एमालेबाट महोत्तरी निर्वाचन क्षेत्र नम्बर १ बाट लक्ष्मी महतो कोइरी, क्षेत्र नम्बर २ बाट रामपरिक्षण यादव र क्षेत्र नम्बर ४ बाट सरोज कुमार यादवले उम्मेदवारी दर्ता गराउने भएका छन् ।

### मधेशबाट रास्वपाको चुनावी सभा

# 'अधिकार माग काठमाण्डु नइ आउ, घुम आउ पशुपति आ स्वयम्भू'

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले मधेश प्रदेशको राजधानी जनकपुरधामबाट चुनावी यात्रालाई औपचारिक रुपमा थालिएको छ ।

जनकपुरधाममा सोमबार 'परिवर्तन उद्घोष सभा' नाम दिइएको चुनावी सभामा बोल्दै रास्वपाका शीर्ष नेताहरूले 'अब की बार, बालेन सरकार' भन्दै मत मागेका थिए ।

जनकपुरधामस्थित तिरहुतिया गाछीमा कार्यकर्ता तथा समर्थकबीच रास्वपाले वरिष्ठ नेता बालेन्द्र साह (बालेन) लाई प्रधानमन्त्रीको रूपमा अघि सारेका छन् ।

लामो समय नेपाली कांग्रेसबाट राजनीति गरे पनि २०७९ सालको निर्वाचनमा सर्लाहीबाट स्वतन्त्र रुपमा प्रतिनिधिसभा सदस्य जितेका नेता अमरेश नारायण सिंह र मधेश प्रदेश सांसद रहबर अन्सारी पनि रास्वपामा प्रवेश गरेका छन् । सिंह पार्टी प्रवेश गर्नु अघि सोमबार बिहान ५ बजे नै बालेनसँगै जानकी मन्दिरमा पूजापाठ गर्न गएका थिए ।



उक्त सभामा बालेनले जनकपुरधाम प्रदेशको राजधानी भए पनि प्रशासकीय अधिकृत ल्याउन काठमाण्डु जानुपर्ने बाध्यता अन्त्य गर्नुपर्ने बताए ।

काठमाण्डु निवर्तमान मेयर बालेनले भने, 'काठमाण्डु अधिकार माग्नै जाउ, घुम जाउ पशुपति र स्वयम्भू,' बालेनले भने, 'मधेशीया छोरा प्रधानमन्त्री होइते, त्यसकै लागि हो। सही सरकार बनाउनुछ, त्यसैले मत दिनुहोस् ।'



उनले आफू काम गर्ने मानिस भएको उल्लेख गर्दै काम गर्न मौका दिन आग्रह गरे । 'भाषण होइन, काम गर्ने मान्छे हुँ । काम गर्छु । काम गर्ने दिने हो नि ?' बालेनले भने, 'मलाई मानिसहरूले भेट्‍दैनन् भन्छन् । महानगरमा हुँदा चार वर्ष मेयरमै व्यस्त रहेँ। राजीनामा गरेको छु, फुर्सदमा छु । पहिलो पटक जनकपुर आएर भाषण गर्दैछु ।'

उनले भने, 'बालेन-बालेन' का नारा लगातार लागिरहेका थिए । 'प्रदेशलाई अझ मजबुत बनाइनेछ । प्रदेशको काम वडामा धारा जोड्ने होइन,' उनले भने, 'दुई-तीनवटा पालिकासंग जोडिएका काम गर्नुपर्छ ।'

उनी सिरहाको लहान समेत पुगेका थिए, जहाँ मधेश आन्दोलनका क्रममा शहीद भएका स्मारकमा माल्यार्पण गरेका थिए । त्यहाँबाट जनकपुरधाम फर्किने क्रममा उनी धनुषाको मिथिला नगरपालिका-बनिगामा मावाली गाउँ पुगेका थिए ।

उक्त सभामा रास्वपा सभापति रवि लामिछानेले जेन-जी आन्दोलनमा बालबालिकामाथि गोली चलाउने सरकारले देश र मधेशलाई गरेको अन्यायको हिसाब गरिने बताए । उनले आफूलाई षड्यन्त्र गरेर संसद्‍बाट निकालिएको दाबी पनि गरे । उनले भने, 'पहिले सबैभन्दा धेरै मत ल्याउने सांसद बनेर संसद् छिरेको थिएँ । अब सबैभन्दा धेरै मत ल्याउने पार्टी बनेर संसद्मा जानेछु ।'

उनले बालेनसंग सम्झौता गर्नुअघि भएको कुराकानीको प्रसंगको क्रममा बालेन र आफूबीच भएको भेटघाटको अर्को दिन उज्यालो घाम लागेको अनुभव सुनाए । सभापति लामिछाने उक्त कुराकानीका क्रममा बालेन र आफूले एक-अर्कालाई सपना सुनाएको पनि स्मरण गरे । उनले भने, 'हाम्रो वार्ता पाँच मिनेटमा सकिएको भन्दै थप समय त एक-अर्कासंग राम्ररी चिनजानमा लागेको थियो ।'

उनले कोही मधेशवादीकोही हिमालवादी नभएको बताउँदै उनले भने, 'यहाँ कोही मधेशवादी छैनन् । सबै नेपालवादी छन् ।'

रास्वपाले यस अघि मधेशमा उन्नत बीउ रोपेको भन्दै अब सपना पूरा भएको दाबी गरे । सभामा पार्टीका उपसभापति डीपी अर्यालले मधेशलाई चिन्ने र विकास गर्ने नेता नहुँदा मानव विकास सूचकांकमा मधेश पछाडि परेको बताए । उनले मधेशको विकाससंगै देशको उन्नतिका लागि मधेशले प्रधानमन्त्री पाउन लागेको दाबी गरे ।

अर्का उपसभापति स्वर्णिम वाग्लेले रास्वपा संघीयताविरोधी नरहेको दाबी गरे । उनले भने, 'रास्वपा संघीयता विरोधी नरहेको सन्देश जनकपुरधामको सभाले पनि दिएको छ,' उनले भने, 'तर संघीय ढाँचामा सुधार आवश्यक छ । संघीयताको नाममा भएका बदमासी र विकृतिको अन्त्य गरिनुपर्छ ।'

उनले प्रदेशमा अपरिपक्व संसदीय अभ्यास हुने गरेको जिकिर गरे । उनले भने, 'संघीय संसदमा पुग्न नसक्नेलाई पार्किङ गर्ने थलोका रूपमा दलहरूले प्रदेश सभालाई प्रयोग गरेका छन् । त्यसलाई हामी सुधार गर्छौं ।' काण्डैकाण्डको भारी, तीन महिनामा चार/चार जना मुख्यमन्त्री बनाएको, सयौँ मन्त्री बनाएको प्रणालीलाई सुधार गर्ने उनले बताए ।

उक्त सभाबाटै पार्टी प्रवेश गरेका अमरेश नारायण सिंहले आफूलाई रवि-बालेनको सिपाही भन्दै बालेन प्रधानमन्त्री हुने बताए ।

रास्वपा नेतृ सोबिता गौतमले पार्टीले मधेशको छोरालाई प्रधानमन्त्री बनाउन लागेको बताइन् । देशको अवस्था परिवर्तनका लागि मधेश अग्रपंक्तिमा उभिनुपर्ने भन्दै उनले भनिन्, 'यो देशको भाग्य परिवर्तनका लागि मधेशको अगुवाइ हुनैपर्छ ।'

मधेशमा जन्मिएका बालेनलाई रास्वपाले प्रधानमन्त्री बनाउने उनको भनाइ थियो । देशको अवस्था परिवर्तनका लागि मधेश अग्रपंक्तिमा उभिनुपर्ने भन्दै उनले भनिन्, 'यो देशको भाग्य परिवर्तनका लागि मधेशको अगुवाइ हुनैपर्छ ।'




# यसवर्ष धान उत्पादनमा ४ प्रतिशतले कमी हुने

काठमाण्डु । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यसवर्ष धान उत्पादनमा गत वर्षको तुलनामा दुई लाख ५० हजार ३५० मेट्रिकटन कमी हुने जनाएको छ।

मन्त्रालयले देशभर धान बालीको क्षेत्रफल र उत्पादकत्वमा कमी आएका कारण यसवर्ष ५७ लाख पाँच हजार १२६ मेट्रिकटन धान उत्पादन हुने प्रक्षेपण गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो। गत वर्ष ५९ लाख ५५ हजार ४७६ मेट्रिकटन उत्पादन भएको थियो। गत वर्षको तुलनामा धान उत्पादनमा ४.२० प्रतिशतले कमी आएको हो।

आर्थिक वर्ष २०८१/८२ मा धान बाली भित्र्याइएको कूल क्षेत्रफल १४ लाख २० हजार ६३६ हेक्टर क्षेत्रफल रहेकोमा चालु आवमा ३.८ प्रतिशतले घटेर १३ लाख ७६ हजार ८७२ हेक्टर क्षेत्रफल कायम छ। मन्त्रालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार उत्पादकत्व गत आवमा ४.१९ मेट्रिकटनप्रति हेक्टर रहेको थियो।

युवा पलायन, बसाइसराइ फलफूल तथा नगदेवालीको क्षेत्रफलमा भएको वृद्धि, तराई एवं सहरी क्षेत्रमा वृद्धि भइरहेको आप्रवासन, जमिनको औद्योगिक एवं अन्य भौतिक पूर्वाधार निर्माणमा प्रयोग जस्ता कारणले धानखेतीको क्षेत्रफलमा केही कमी आएको छ।

मधेस प्रदेशमा विशेष गरी धान लगाउने समयमा परेको खडेरीका कारण धान लगाएको क्षेत्रफलमा कमी आई धानको क्षेत्रफल घटेको हुँदा समग्रमा धान बालीको क्षेत्रफलमा कमी आएको हो।

चालु आर्थिक वर्षमा उन्नत बीउविजन र मलखादको पर्यास उपलब्धता हुँदाहुँदै प्रतिकूल मौसमका कारण उत्पादकत्वमा केही कमी आएको सूचना अधिकारी जोशीले जानकारी दिनुभयो।रासस

# सर्लाही ४ बाट साह नेकपाबाट उम्मेदवार



**टुडे समाचारदाता**

मलंगवा। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि सर्लाहीका चार वटै निर्वाचन क्षेत्रमा उम्मेदवार चयन गरेका छन्।

सर्लाही क्षेत्र नम्बर १ मा उम्मेदवार चयन गर्न नेकपा सकस परेको थियो। लामो छलफल र समन्वयपछि नेकपा केन्द्रीय कमिटीले सोमवार दिउँसो पूर्वसांसद एवं जसपा नेपालका नेता प्रमोदकुमार साहलाई उम्मेदवार बनाउने निर्णय गरेको हो।

साह २०७४ सालमा तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) बाट सांसदमा निर्वाचित भएका थिए। २०७९ सालको निर्वाचनमा भने उनी जसपा नेपालबाट उम्मेदवार बने पनि पराजित भएका थिए, त्यसबेला उनलाई नेकपा एमालेले साथ दिएको थियो।

साह केही समयअघि जसपा नेपाल परित्याग गरी नेकपा माओवादी केन्द्र प्रवेश गरेका थिए। सर्लाही-१ मा सुरेश काफ्ले, भरतकुमार थापा र लुमडीप्रसाद धिमाल (लोचन) लगायतले पनि दाबी गरे पनि अन्तिममा साहलाई नै टिकट दिइएको हो।

यस्तै नेकपाले क्षेत्र नम्बर २ बाट महिन्द्र राय यादवलाई उम्मेदवार बनाएको छ भने क्षेत्र नम्बर ३ बाट नारायणकाजी श्रेष्ठ र क्षेत्र नम्बर ४ बाट प्रदेशसभा सदस्यमा पूर्वप्रत्यासी एवं माओवादी केन्द्रकी नेतृ अनिता देवीका छोरा डा. रजनिस रायलाई टिकट प्रदान गरेको छ।

# रविद्वारा बालेनलाई टिकट हस्तान्तरण



**टुडे समाचारदाता**

जनकपुरधाम। राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाह झापा-५ क्षेत्रबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्ने निश्चित भइसकेको छ।

उनलाई सोमवार उद्घोष सहभागी हुन जनकपुरधाम आएको बेला पार्टी सभापति रवि लामिछानेले औपचारिक रूपमा टिकट प्रदान गरेका हुन्।

पार्टी सभाको लागि जनकपुरधाम पुगेका लामिछाने र बालेन दुवैले जनता माझ आफ्नो उम्मेदवारीको घोषणा गर्दै आगामी निर्वाचनमा जनप्रतिनिधि बन्ने लक्ष्य राखेका छन्। पार्टीका वरिष्ठ नेता बालेनले आगामी चुनावमा क्षेत्रीय विकास र सामाजिक न्यायका मुद्दालाई प्राथमिकतामा राखेर मेयर पद त्यागेर चुनावमा होमिएको बताए।

उनले भने सांसद बन्न आफूले मेयर पद परित्याग गरेको होइन देशमा परिवर्तन गर्न केही काम गर्छु भन्ने आँटका साथ चुनावी मैदानमा होमिएको छु। आफ्नो सपना साकार गर्ने पालो मधेशी जनताको हातमा रहेको छ।

## जेन्जी आन्दोलनका सहिदः
# अधुरो सपना छोडेर सधैँका लागि बिदा हुनुभयो विनोद

पाटन। "भ्रष्ट नेता र भ्रष्टाचारविरुद्ध लड्नैपर्छ, अहिले नलडे कहिले लड्ने ?" जेनजी आन्दोलनमा होमिनुअघि ललितपुर महानगरपालिका-७ पाटन सुन्धारा-दुपातका ३४ वर्षीय विनोद महर्जनले साथीभाइसँग भन्नुभएका शब्द हुन् यी। "म मारिएछु भने पनि गणतन्त्रको दियो निभ्न नदिनु," भनेर अघि बढेका विनोद भदौ २३ गते नयाँवानेश्वर स्थित संसद् भवन अगाडि कहिल्यै नउठ्ने गरी सधैँका लागि ढल्नुभयो। अधुरो सपना छोडेर बिदा हुनुभयो।

बाक्लो दाह्रीजुँगा पालेका, लामो कपाल भएका निडर स्वभावका विनोद सानैदेखि अन्याय सहन नसक्ने व्यक्तित्व, छलछाम गर्न नजान्ने, कसैको आलोचना गर्नुपरे लुकीछिपी होइन सिधै गर्ने उहाँको हक्की स्वभाव थियो।

स्वर्गीय पिता बाबुकाजी महर्जन र आमा लतमाया महर्जनका कान्छो सन्तान जेनजी सुशासन सहिद विनोदमा मुलुकको व्यवस्था परिवर्तनका लागि युवाहरूले सशक्त आन्दोलन गर्नैपर्छ भन्ने विचारधारा थियो। बाहिरी हुलियाले अनौठो ठान्नेहरू पनि उहाँको भनाइ र विचारहरु सुनेपछि प्रभावित हुन्थे। यही स्वभावले उहाँले समाजमा बेग्लै पहिचान बनाउँदै आउनुभएको थियो।

आफ्नो कान्छो छोरा सहिद विनोद महर्जनलाई सम्झँदै त्यस दिनको कुराकानीका बारेमा आमा लतमाया महर्जन नेवारी भाषामै भन्नुहुन्छ, "जिं जा नयेत धया, वं धाल, "आः जिं नये मखु, पासाः वल, जि छुं ई पिहां वनाः लिहां वयेबलय् नये। अर्थात् "मैले भात खाउ भनेँ, उसले भन्यो, अहिले म खाँदिनँ, साथी आइसक्यो, एकछिन बाहिर गएर आएपछि खान्छु।"

खाना नखाई निस्किएको विनोद आन्दोलनमा गएर गोली लागेर ढले, आन्दोलनका क्रममा नयाँबानेश्वर चोकमा भएको घटनामा उहाँलाई मुख र टाउकोमा दुई गोली लागेको थियो। गोली लागेपछि विनोदलाई साथीभाइले नजिकको एभरेष्ट अस्पताल लगेका थिए, त्यहाँ पुऱ्याउनु अघि नै विनोदको निधन भइसकेको थियो। सानै उमेरमा बुबाको निधन भएपछि तीन दिदीबहिनी, एकदाजु र आमासँग बस्दै आउनुभएका विनोद परिवारका कान्छो सदस्य हुनुहुन्थ्यो।

लामो समयसम्म देवीदवताको मूर्ति बनाउने कार्य गर्दै आउनुभएका महर्जन कोरोनापछि पेसा सङ्कटमा परेसँगै पछिल्लो समय 'वाल पेन्टिङ'मा संलग्न रहेको उहाँको दिदी विना महर्जन अवाल बताउनुहुन्छ। एसएलसी परीक्षामा असफल भएपछि दैनिक अध्यास र स्वअध्ययनबाट मूर्ति बनाउने र पेन्टिङ कार्यमा उहाँ संलग्नु हुनुभयो। "देश र परिवारका लागि केही



गरौँ अनि मात्र विवाह गरौँला' भन्ने विनोदको सपना जेनजी आन्दोलनका क्रममा बानेश्वर आन्दोलनमै बिलायो", दिदी विना भन्नुहुन्छ।

एकान्त समयमा चित्र बनाउने अभ्यास गर्ने भएकाले अघि-पछि जस्तै भदौ २२ गते पनि विनोदले राति अबेरसम्म चित्र बनाउनुभयो। राति अबेर भएकाले बिहानपछि उहाँ १० बजे पनि ओछ्यानबाट उठ्नुभएको थिएन। दिदी विनाका अनुसार अघिल्लो दिन साथीभाइबीच आन्दोलनमा सहभागी हुने कुराकानीअनुरुप बिहान १० बजेतिर साथीहरु आई विनोदलाई उठाएर लगेका रहेछन्। आन्दोलनमा निस्कन लाग्नुभएका विनोदलाई आमाले खाना खान बोलाउँदा विनोदले साथी बोलाउन आएकाले एकैछिन बाहिर गएर आउँछु अनि खाउँला भन्दै मुख धोएर घरबाट निस्कनुभएको रहेछ। त्यसपछि साथीसँग सिधै बानेश्वर पुग्नुभएको रहेछ। उता आमा छोरो खाना खान आउँला भनेर कुरिरहनु भएको थियो।

सुरुमा विनोदले आन्दोलनकारीलाई पानी वितरण गरेर सहयोग पुऱ्याइरहेको परिवारका सदस्यले घरैबाट 'फेसबुक लाइभ'बाट हेरिहनुभएको बताउनुहुन्छ, दिदी विना। "अघिपछि जात्रापर्वमा पनि अरूलाई सहयोग गर्ने, खानेकुरा र पानी बाँड्ने कार्यमा तुरुन्त सहयोग गर्ने उनको बानी थियो, त्यो दिन पनि भाइले पानी बाँडिरहेको हामीले फेसबुकबाट झल्याकझुलुक देखिरहेका थियौँ, त्यतिकैमा आन्दोलन चर्कँदै गएपछि आन्दोलनकारी र प्रहरीबीच भएको भिडन्तमा वानेश्वरचोक नजिक हानिएको गोली विनोदलाई लागेको रहेछ, त्यसपछि विनोदको लाइभ पनि बन्द भएको रहेछ, विनोदलाई गोली लागेको कुरा उनीसँगै गएका साथीले घरमा खबर गरे," दिदी विना भन्नुहुन्छ।

दाजु काजीरत्न महर्जनका अनुसार त्यो दिन टोलका केही साथी भने विनोदभन्दा पहिले नै वानेश्वर पुगेका रहेछन्। 'किन जानुपर्ने आन्दोलन र जुलुसमा हामीलाई के नै हुन्छ र!' भनी अघिपछि साथीभाइलाई सम्झाउने विनोदलाई त्यो दिन भने जेनजी पुस्ताले उठाएका सुशासन विरुद्धको महारोगका रुपमा रहेको भ्रष्टाचार र सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धको विषयले निकै प्रभावित तुल्याएको रहेछ। दाजु काजीरत्न भन्नुहुन्छ, "त्यो दिन भने समाज परिवर्तनका लागि भएको आन्दोलनमा जानुपर्छ, हामी नगए को जान्छ भनी साथीभाइसँग कुरा राखेर गएका रहेछन्।"

दाजु काजीरत्नका अनुसार 'जेनजीको आन्दोलन भ्रष्टाचारविरुद्ध पनि हो' भन्ने थाहा पाएपछि विनोद स्वतःस्फूर्त रूपमा साथीहरूसँग आन्दोलनमा सहभागी हुनुभएको रहेछ। कुनै पनि राजनीतिक दलमा आबद्ध नभएका विनोदसँग दलका जुलुस, प्रदर्शनमा नजाने, साथीभाइलाई पनि दलगत आन्दोलनमा नलाग्न आग्रह गर्ने गर्नुहुन्थ्यो तर भ्रष्टाचारविरुद्धको आवाजमा भने मौन बस्न सक्नुभएन।

विनोद बहुप्रतिभाशाली हुनुहुन्थ्यो, मूर्तिकला उहाँको परिचय थियो, सुन लेपन गर्ने र मुहारमा चित्रकला भर्ने काममा उहाँ निपुण हुनुहुन्थ्यो। महादेवका भक्त विनोद बाँसुरी र धिमेबाजामा पनि दक्ष हुनुहुन्थ्यो। पाहुना सत्कार उहाँको अर्को गुण थियो, घरका भित्ताभरि विभिन्न मूर्ति र पेन्टिङले सजिएको विनोदको संसार आज शून्य बनेको छ।

विनोद ढलेसँगै उहाँका ७५ वर्षीय आमाको सहारा पनि ढलेको छ। आमाको स्याहारसुसार उहाँले नै गर्नुहुन्थ्यो, सवारी चालक बुबा २०६७ सालमै बितिसकेपछि दाइसँग मिलेर घर सम्हाल्दै आउनुभएका विनोदको पुर्ख्यौली पेसा खेतीकिसानी थियो।

गोली लागेर एभरेष्ट अस्पताल पुऱ्याइएकामा रातभर त्यहाँ राखेपछि भोलिपल्ट महाराजगन्जस्थित शिक्षण अस्पतालको शवगृहमा राखियो। त्यसको केही दिनपछि योद्धाहरुको पशुपति आर्यघाटमा सामूहिक अन्त्येष्टि गरियो। विनोदका परिवारलाई राज्यबाट सहिद घोषणा भएपछि रु १५ लाख रकम उपलब्ध गराउने भने बमोजिमको सहयोग प्राप्त भएको छ। ललितपुर महानगरपालिकाले पाँच लाख रुपैयाँ उपलब्ध गराएको छ।

दिदी विना भन्नुहुन्छ "जेनजी आन्दोलनका सहिद परिवारलाई विभिन्न खाले सहयोग उपलब्ध गराउने भनियो, हामीले माग पनि पेस गरेका छौं। रासस

# पर्यटन विकासका लागि प्रदेश सरकार प्रतिबद्ध छ : मुख्यमन्त्री बानियाँ

बागमती। बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेशभित्र बसोबास गर्ने जातजातिका संस्कृतिहरूको संरक्षण तथा प्रवर्द्धन गर्दै पर्यटन विकासका लागि संस्कृतिको जगेर्ना गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

तामाङ समुदायको नयाँ वर्ष तथा सोनाम ल्होसार पर्व २०८२ को अवसरमा सोमबार शुभकामना सन्देश जारी गर्दै उहाँले सङ्घीयतापश्चात प्रदेश सरकारद्वारा तामाङ भाषालाई प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा प्रयोग ल्याइसकेकाले यसबाट तामाङ भाषाको थप संरक्षण एवं प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभएको छ। यस पर्वले सबै नेपालीबीच आत्मियता, आपसी समझदारी, एकता, सामाजिक सद्भाव कायम गर्दै देशको समृद्धि एवं अमनचयन कायमत गर्ने वातावारण निर्माण भई समुन्नत प्रदेश निर्माण गर्नेतर्फ उत्प्रेरणा मिलोस् भने कामना उहाँले गर्नुभएको छ।

सबै चाडपर्व र संस्कृतिहरूको संरक्षण तथा सम्वर्द्धन गर्नु सबैको दायित्व भएको उल्लेख गर्नुहुँदै मुख्यमन्त्री बानियाँले चाडपर्व र संस्कृतिलाई विकसित तुल्याएर राष्ट्रिय एकता हासिल गर्दै समृद्धिको सामाजिक परिवर्तनलाई संस्थागत गर्न प्रदेश सरकार दृढ सङ्कल्पित रहेको बताउनुभएको छ।रासस

# शिवपुजनले नेकपा छाडे



**टुडे समाचारदाता**

मलंगवा। मधेस प्रदेश सदस्य शिवपुजन यादवले छोराले टिकट नपाएपछि नेपाली कम्युनिस्ट पार्टी (नेकपा) पार्टी छाडेका छन्।

छोरालाई टिकट नदिएको भन्दै नेकपा मधेस प्रदेश सदस्य यादवले सोमबार पार्टी छोडेका हुन्।

उनका अनुसार संयोजक पुष्पकमल दाहाल प्रचण्डले सर्लाही क्षेत्र नम्बर-४ बाट अमनेस कुमार यादवलाई टिकट दिने बताए पनि अन्तिममा नदिएको बताए। अमनेस शिवपुजनका छोरा हुन्। यहाँबाट रमेश यादवलाई नेकपाले उम्मेदवार बनाएको शिवपुजनले बताए।

पार्टीमा आफ्नो छोराको मूल्याङ्कन नभएपछि आजै पार्टी परित्याग गरिएको उनको भनाइ छ। अर्को पार्टीमा प्रवेश गर्ने आफ्नो तयारी रहेको नेकपा नेता यादवले बताए।

# पर्सामा निर्वाचन प्रहरीको छनोट प्रक्रिया थालियो

वीरगञ्ज। पर्सामा आगामी फागुन २१ गतेदेखि हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक पर्ने निर्वाचन प्रहरीको छनोट प्रक्रिया सुरु भएको छ।

पर्सा जिल्लामा आवेदन परेका निर्वाचन प्रहरीको सोमबारदेखि शारीरिक परीक्षण लगायतका छनोटका काम सुरु भएको हो। पर्साका सहायक प्रमुख जिल्ला अधिकारी तथा निर्वाचन प्रहरीमा भर्ना छनोट तथा नियुक्ति समिति पर्साका संयोजक सुमनकुमार कार्कीले निर्वाचन प्रहरीको आजदेखि छनोटको प्रक्रिया अघि बढाइएको बताउनुभयो।

"आजबिहानदेखिवीरगञ्जको नारायणी रङ्गशालामा निर्वाचन प्रहरीमा आवेदन दिनेहरूको शारीरिक परीक्षण लगायतका काम सुरुआत गरिएको छ," उहाँले भन्नुभयो, "पर्सा जिल्लाबाट निर्वाचन प्रहरीमा सहभागी हुनेको



उत्साहजनक देखिएको छ।"

पर्सामा निर्वाचन प्रहरी छनोट प्रक्रियामा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेना र राष्ट्रिय अनुसन्धान विभाग लगायतका सुरक्षा निकायको प्रत्यक्ष निगरानी र सुपरीवेक्षणमा छनोट प्रक्रिया अघि बढाइएको छ। संयोजक कार्कीले निर्वाचन प्रहरी छनोट प्रक्रियालाई तोकिएको मापदण्डअनुसार पारदर्शी र वस्तुपरक ढङ्गले अघि बढाइएको जानकारी दिनुभयो।

निर्वाचन प्रहरीमा सहभागी हुनेको दौड तथा अन्य शारीरिक गतिविधि गराइएको छ। निर्वाचन प्रहरीमा भर्ना छनोट तथा नियुक्ति समिति पर्साले यहाँ जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैतर्फ गरेर दुई हजार ८५२ जनाले सोमबार आवेदन माग गरेको थियो। तर, नेपाल प्रहरीतर्फ भने पाँच हजार ३९९ जनाको आवेदन परेको छ। पर्साबाट सशस्त्र प्रहरीले लिएको आवेदनतर्फ पनि निर्वाचन प्रहरीमा ३८५ जनाको आवेदन माग गरिएको थियो। जसमा माघ १ गतेसम्म ५७१ जनाले आवेदन दिएका छन्।रासस

**माइग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मेहन्द्रनगरबाट जनकपुरधाम आउने क्रममा मिति २०८२/०९/३० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : आनन्द कुमार झा
सिम्बोल नं.: ९१७२६०९८
रजिष्ट्रेशन नं.: ८०२१७०११०१८३
ठेगानाः जि.ध. बटेश्वर गा.पा.-५, शान्तिपुर
मो.नं. ९८१६८६८७१२

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

- **मेष :** स्वास्थ्यमा सानो थकान महसुस हुन सक्छ।
- **वृष :** धैर्यले काम गर्दा सफलता मिल्नेछ। अधुरो काम पूरा हुने संकेत छ।
- **मिथुन :** बोलिचालीले काम बिग्रिन पनि सक्छ। साथीभाईसंग भेटघाटको योग छ।
- **कर्कट :** भावनात्मक रुपमा संवेदनशील दिन हो। परिवारको साथले हौसला मिल्छ।
- **सिंह :** आर्थिक लेनदेनमा सतर्क रहनुहोस्। पुरानो मित्रसंग भेट हुन सक्छ।
- **कन्या :** आज योजनाबद्ध काम सफल हुन्छ। सानो मेहनतले ठुलो लाभ दिन सक्छ।
- **तुला :** सम्बन्धमा मिठास बढ्ने दिन हो। काम र विश्रामको सन्तुलन आवश्यक छ।
- **वृश्चिक :** आज गोप्य कुरा बाहिर नल्याउनु राम्रो। काममा ध्यान केन्द्रित गर्नुपर्छ।
- **धनु :** नयाँ सिकाइको अवसर मिल्नेछ। आर्थिक पक्ष उत्साहजनक हुन सक्छ।
- **मकर :** मेहनतको फल पाउने समय हो। काममा स्थायित्व आउँछ।
- **कुम्भ:** नयाँ विचारले काम सजिलो बनाउँछ।
- **मीन :** आज कल्पनाशक्ति प्रबल रहनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सरस्वती पूजा नजिकिँदै गर्दा महोत्तरीको जलेश्वर नगरपालिका-१ मा सरस्वती माताको प्रतिमालाई अन्तिम रूप दिँदै कालिगड । तस्बिर : रासस

# पर्सामा एक सय ६७ मतदानस्थल कायम

वीरगञ्ज । जिल्ला सुरक्षा समिति पर्साले आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनको लागि पर्सामा तोकिएको एक सय ६७ मतदानस्थलमध्ये ६२ मतदानस्थल अतिसंवेदनशीलको सूचीमा राखिएको छ ।

जिल्लाभरि भने एक सय ६७ वटा मतदानस्थल छन् । क्षेत्र नं १ मा ३४, क्षेत्र नं २ मा ३८, क्षेत्र नं ३ मा ४७ र क्षेत्र नं ४ मा ४८ मतदानस्थल छन् । पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले पर्सामा निर्वाचन लक्षित सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त बनाउँदै आइरहेको दाबी गर्नुभयो ।

''निर्वाचनलाई शान्तिपूर्ण र भयरहित ढङ्गले अघि बढाउनको लागि आवश्यक सुरक्षा प्रबन्ध मिलाउँदै आइरहेका छौँ,'' उहाँले भन्नुभयो,''निर्वाचनको तयार ीस्वरुप विभिन्न मतदानस्थल तथा मतदान केन्द्रको निरीक्षण र आवश्यक समन्वयको काम पनि भइरहेको छ ।'' पर्सामा




एक सय ६७ मतदानस्थलमध्ये ६२ अति संवेदनशील, ८५ वटा संवेदनशील र २० वटा कम संवेदनशीलको सूचीमा राखिएको छ । पर्साका प्रमुख जिल्ला अधिकारी दाहालले गत माघ २ गते जिल्लामा चार वटै निर्वाचन अधिकृतको कार्यालय पनि स्थापना भइसकेको छ । अहिले चार वटै निर्वाचन अधिकृतको कार्यालय पनि सुरक्षाकर्मी खटाएर सुरक्षा प्रबन्धको व्यवस्था मिलाइएको छ ।

जिल्लामा चार सय ४१ मतदान केन्द्र छन् भने दुई अस्थायी मतदान केन्द्र रहेका छन् । यहाँ चार वटा निर्वाचन क्षेत्र रहेका छन् यसमध्ये क्षेत्र नं १ मा १०३, क्षेत्र नं २ मा ११० तथा क्षेत्र नं ३ र ४ एक सय १४ निर्वाचन क्षेत्र छन् ।पर्सा जिल्लामा कूल मतदाता सङ्ख्या तीन लाख ७६ हजार पाँच सय १३ छन् । तीमध्ये एक लाख ६४ हजार चार सय २१ महिला, दुई लाख १२ हजार ७७ पुरुष तथा १५ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मतदाता छन् ।रासस

# देश बनाउन कर्मचारीको भूमिका महत्वपूर्ण : सञ्चारमन्त्री खरेल



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री मन्त्री जगदीश खरेलले देश बनाउन कर्मचारीतन्त्रको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ ।

सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालको आइतबार बिदाई कार्यक्रममा मन्त्री खरेलले राजनीतिक विश्वास र कर्मचारीको सहयोगबिना मुलुकको विकास हुन नसक्ने उल्लेख गर्नुभयो ।

सञ्चारमन्त्री खरेलले आफूले जिम्मेवारी सम्हालेको चार महिनामा मन्त्रालय र मातहत निकायका कर्मचारीबाट कुनैपनि असहयोग नभएको बरु सौहार्दपूर्ण व्यवहार तथा समन्वयात्मक ढंगले काम भएको स्पष्ट पार्नुभयो । मन्त्री खरेलले नियमित प्रक्रिया अनुसार सरुवा भएको स्पष्ट पार्दै सचिव अर्यालसँगको समन्वयको प्रशंसा गर्नुभयो ।

सचिव अर्यालले मन्त्रालयमा डेढ वर्षको अवधिमा आमसञ्चार, दूरसञ्चार, मुद्रण, चलचित्र, हुलाकलगायत क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएको उल्लेख गर्दै त्यसको फलस्वरुप मन्त्रालयले उपलब्धि हासिल गरेको बताउनुभयो ।उहाँले राष्ट्रको समग्र विकासका लागि नयाँ डिजिटल प्रविधि अपनाउनुपर्ने र राजनीतिज्ञ तथा कर्मचारी प्रशासनको विश्वास मजबुत बनाउनुपर्नेमा जोड दिनुभयो । सञ्चार मन्त्रालयकी सचिव अर्याल महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सचिव पदमा सरुवा हुनुभएको हो ।

सो अवसरमा सचिव आर्यालले आफ्नो कार्यकालमा दूरसञ्चार, रेडियो तथा टेलिभिजन दर्ता नवीकरण, सार्वजनिक सेवा प्रसारण, डिजिटल नेपाल फ्रेमवर्क, गोरखापत्र र राष्ट्रिय समाचार समितिका कानूनसम्बन्धी देखिएका धेरै समस्याहरू समाधान भएको जानकारी दिँदै अनलाइन समाचारलाई सत्यनिष्ठ र जिम्मेवार बनाउनुपर्ने बताउनुभयो ।रासस

> सञ्चार मन्त्रालयकी सचिव अर्याल महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सचिव पदमा सरुवा हुनुभएको हो ।

## प्रतिनिधि सभा निर्वाचन ४५ दिन बाँकी :
# निर्वाचन आचारसंहिता लागू

काठमाण्डु । निर्वाचन आयोगले सोमबारदेखि निर्वाचन आचारसंहिता, २०८२ लागू गरेको छ ।

आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आचारसंहिता लागू गरेको हो । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न आचारसंहिता, २०८२ स्वीकृत गरी कार्यान्वयमा ल्याइएको आयोगले जनाएको छ । आचारसंहिता नेपाल राजपत्रमा प्रकाशित भइसकेको छ ।

आयोगबाट अर्को सूचना प्रकाशन नभएसम्म विभिन्न निकाय र त्यसमा कार्यरत व्यक्तिलाई आचारसंहिता लागू हुनेछ । आयोगका अनुसार नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र सो निकायका पदाधिकारी र नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारीलाई आचारसंहिता लाग्नेछ ।

स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय



र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठनलाई आचारसंहिता लाग्नेछ । उम्मेदवार तथा सम्बन्धित व्यक्ति,राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारणा गरेको व्यक्ति, अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्तालाई आचारसंहिता लाग्ने जनाइएको छ ।पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी, निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी, विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारी आचारसंहिताको दायरामा परेका छन् ।

मतदाता, विकास साझेदार संस्था, सरकारी तथा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारीलाई पूर्ण रुपमा आचारसंहिताको दायरामा परेका छन् । निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार, वस्तु तथा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार र आयोगले तोकेका अन्य निकाय वा व्यक्तिलाई आचारसंहिता लाग्नेछ ।

आचारसंहिताको पूर्ण कार्यान्वयन र पालनाका लागि आयोगले सबैको सहयोगको अपेक्षा गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

**हालसम्म ८९ लाख १७ हजार मतपत्र छपाई सम्पन्न**


आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनको समानुपातिक तर्फको कूल ८९ लाख १७ हजार थान मतपत्र छपाई भइसकेको छ ।

आयोगले भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्रमा मतपत्र छपाई गरिरहेको छ । पछिल्लो २४ घण्टामा मात्रै १३ लाख १४ हजार मतपत्र छपाई भएको थियो ।

आयोगले कूल दुई करोड आठ लाख ३० हजार मतपत्र छपाई गर्ने लक्ष्य राखेको छ । कुल मतदाता भन्दा केही प्रतिशत बढी मतपत्र छपाई गर्नुपर्ने आयोगले जनाएको छ ।

आयोगले उपलब्ध गराएको विवरण अनुसार अब एक करोड १९ लाख १३ हजार मतपत्र छपाई हुन बाँकी छ । यस्तै, हालसम्म २० हजार ८३० बाकस बराबरको मतपत्र भने प्याकिङ भइसकेको छ । अब १४ हजार ४२० बाकस बराबरको मतपत्र प्याकिङ गर्न बाँकी छ । केन्द्रले १० लाख ९८ हजार दुई सय थान मतपत्र भने नमूनाका रुपमा आयोगमा पठाइसकिएको जनाएको छ ।रासस

# पूर्वराज्यमन्त्री उप्रेतीको निधन



काभ्रेपलाञ्चोक । पूर्वराज्यमन्त्री गोविन्दनाथ उप्रेतीको सोमबार निधन भएको छ । काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिका-८ स्थित घरमा ८२ वर्षको उमेरमा उहाँको निधन भएको हो ।

लामो समयदेखि श्वासप्रश्वाससम्बन्धी रोगले ग्रसित उप्रेतीलाई उहाँको श्रीमतिको कोरोनाकालमा निधन भएपछि भतिजा विष्णुबहादुरले रेखदेख गर्दै आउनुभएको थियो । आज बिहान ३ बजे उहाँको निधन भएको वडाध्यक्ष मोतीलाल तामाङले बताउनुभयो । लामो समयदेखि वामपन्थी आन्दोलनमा समाहित हुनुभएको उहाँलाई मध्यपूर्वीय क्षेत्रमा 'रातो बाघ' ले परिचित हुनुहुन्थ्यो ।

तत्कालीन समयमा सांसद हुँदै श्रमराज्यमन्त्री हुनुभएको उप्रेतीले मालेबाट एकीकृत भएपछि एमालेको राजनीति गर्नुभएको थियो । एमाले फुटपछि (नेकपा) माले र त्यसपछि स्वतन्त्र जीवनयाजन गर्नुभएको उहाँले पछिल्ला वर्षमा तत्कालीन माओवादी केन्द्रमा रही वामपन्थी आन्दोलनमा सहभागी हुँदै आउनुभएको थियो । काभ्रेपलाञ्चोक र विशेष गरी कोशीपूर्वको विकासमा उहाँको ठूलो योगदान रहेको छ ।

सोमबार उहाँप्रति श्रद्धाञ्जली सभा गरी आफन्तको आगमन पश्चात सोमबारै दिउँसो दोलालघाटमा दाहसंस्कार गरिएको लामाले जानकारी दिनुभयो ।रासस

# समावेशिताका आधारभूत मूल्यलाई अझ सुदृढ बनाउन सहयोग पु-याउनेछ : उपराष्ट्रपति यादव

काठमाण्डु । उपराष्ट्रपति रामसहाय प्रसाद यादवले नेपालको संविधानले अङ्गिकार गरेको गणतन्त्र, सङ्घीयता, समानता, समावेशिता, धर्मनिरपेक्षता र कानुनी राज्यका आधारभूत मूल्यहरूलाई सोनाम ल्होसार जस्ता पर्वले अझ सुदृढ बनाउन सहयोग पु-याउने विश्वास व्यक्त गर्नुभएको छ ।

नेपालका तामाङ समुदायसहित ह्योल्मो, थकाली, जिरेल, नेस्याङ्वा, भोटे, दुरा, लेप्चालगायत आदिवासी जनजातिहरूले उल्लासपूर्वक मनाउने महान पर्व सोनाम ल्होसार २०८२ को अवसरमा आज स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरूमा शान्ति, समृद्धि, सुस्वास्थ्य र दीर्घायुका लागि शुभकामना व्यक्त गर्दै उहाँले सो विश्वास व्यक्त गर्नुभएको हो । उहाँले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त




विशेषतालाई आत्मसात गरेको हाम्रो देशलाई एकताको सुत्रमा बाँध्दै राष्ट्रिय अखण्डता र सार्वभौमिकतालाई बलियो बनाउने सामर्थ्य नेपाली पर्वहरुमा निहित रहेको उल्लेख गर्नुभएको छ ।

शुभकामना सन्देशामा उहाँले भन्नुभएको, "यस पर्वले नयाँ वर्षको आगमनसँगै हाम्रो मौलिक संस्कृति, परम्परा र जीवनशैलीलाई पुनःस्मरण गराउँदै पुस्तादेखि पुस्तासम्म निरन्तरता दिने अमूल्य अवसर प्रदान गर्दछ, सामूहिकता, भूमिपूजा, कूलपूजा, दानदक्षिणा, ढोगभेट तथा शुभकामना आदानप्रदान जस्ता परम्परागत अभ्यासहरूले सामाजिक सद्भाव, आपसी विश्वास र सहकार्यलाई अझ मजबुत बनाउँछन् ।"रासस

# उत्पीडित समुदायको अधिकारका लागि अझै संघर्ष गर्नुपर्नेछ:संयोजक दाहाल


काठमाण्डु।नेपाली कम्युनिस्ट पार्टी ९नेकपा० का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले सामाजिक न्याय, समानता, समावेशिता तथा उत्पीडित समुदायका अधिकारका लागि अझै सङ्घर्ष गर्नुपर्नेमा अवस्था रहेको बताउनुभएको छ । उहाँले २८६२ औँ सोनाम ल्होसारको अवसरमा आज तामाङ समुदायका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दै सो विषयलाई जोड दिनुभएको हो ।

"तामाङ समुदायको ल्हो परम्परा, सेलो संस्कृति, डम्फु-टुङ्नाको धुन र सामूहिक उत्सवले नेपालको बहुजातीय र बहुसांस्कृतिक चरित्रलाई जीवन्त बनाउँदै आएको छ, यही विविधता नै हाम्रो राष्ट्रिय एकताको बलियो आधार हो," संयोजक प्रचण्डले भन्नुभएको छ । उहाँले सोनाम ल्होसारले विभेदविरुद्ध एकजुट भई सुशासन, समृद्धि र जनताको



शासन स्थापना गर्ने अभियानमा अझ दृढ बनोस भनी कामना गर्नुभएको छ ।

"सोनाम ल्होसार केवल नयाँ वर्षको उत्सव मात्र नभइ पहिचान, संस्कृति, श्रम, प्रकृति र सामूहिक जीवनप्रतिको सम्मानको प्रतीक हो । डुक ल्हो ९सर्प वर्ष० लाई विदाइ गरी ता ल्हो ९घोडा वर्ष० को स्वागत गर्दै यस पर्वले परिवर्तन, गति र नयाँ सङ्कल्पको सन्देश दिन्छ," संयोजक दाहाले आफ्नो शुभकामना सन्देशम भन्नुभएको छ, "सबै आदिवासी जनजाति समुदाय र सम्पूर्ण नेपाली जनतामा सुख, शान्ति र समृद्धिको कामना गर्दछु, यस अवसरमा तामाङ समुदायसहित सम्पूर्ण नेपाली जनतामा सुस्वास्थ्य, दीर्घायु, सम्मानपूर्ण जीवन र समृद्ध भविष्यको कामना गर्दछु ।"रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# राजनीतिमा निष्ठा हुनुपर्छ

प्रतिनिधि सभा निर्वाचनका लागि मनोनयन पत्र दाखिला गर्ने मुखमा नेताहरुले धमाधम दलबदल गर्न थालेका छन् । संलग्न रहेका दलबाट टिकट नपाएपछि नेताहरुले टिकट हात पार्न अन्य दलमा प्रवेश गरेको देखिन्छ। लामो समयदेखि आबद्ध रहेको दललाई चुनावमा टिकट नपाउँदा छोड्ने प्रवृत्ति नौलो होइन। हरेक चुनावको बेला टिकटकै लागि दल त्याग गर्ने क्रम बढ्ने गरेको छ। टिकट पाउने आश रहेसम्म दलको लागि काम गर्ने तर टिकट नपाउने निश्चित हुना साथ पार्टी छाड्दै शीर्ष नेताहरुलाई गाली गर्ने चलन पनि पुरानै हो। यस्तो रोग कुनै एउटा दलमा मात्र नभै सबै दलमा रहेको छ। मन्त्री बनेको दलबाट टिकट नपाएकै झोँकमा दल बदल गर्ने नेताहरुको संख्या कम्ती छैन। नेताहरुले सिद्धान्त, निष्ठा, विचार मिलेर मात्र दल बल्ने गरेको छैन। टिकट नपाउँदाको आक्रोशमा नै दल बदल गरेको देखिन्छ। चुनावको उम्मेदवारी दर्ता हुने दिन पनि दल बदल गरेर जित्ने नेताहरु पनि छन्। अन्तिम घडीसम्म टिकट पाउने आश गरेका तर टिकट नपाउँदा अन्य दलमा प्रवेश गरी उम्मेदवारी दिँदै चुनाव जितेका नेताहरुको कारण पनि दल बदलको काम भइरहेको छ। यसले राजनीतिक निष्ठालाई धुमिल बनाउनु पर्नेमा त्यसो भएको देखिदैन। मतदाताले पनि दल बदल गर्ने नेतालाई विश्वास गर्छन्। कतिपय अवस्थामा शीर्ष नेताले न्याय पनि गरेको हुँदैन। तर अधिकांश अवस्थामा कमजोर धैर्यता र निष्ठाको कारण दल बदल गरेको देखिन्छ। देशको ठूलो मानिएका दलहरु नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी(नेकपा) र नेपाली कांग्रेसका नेताहरु पनि टिकट नपाउँदा दल बदल गरेका छन्। आक्रोशमा दल बदल गर्दा कतिपय नेताहरुको राजनीतिक भविष्य नै बिग्रेको समेत देखिन्छ। नेताका लागि निर्वाचन सबै भन्दा ठूलो परीक्षा मानिन्छ। त्यसमा सहभागी हुन नेताहरु मरिहत्ते पनि गर्छन्। चुनाव जितेपछि देशको नीति, निर्माण बनाउने तहसम्म पुगिन्छ। नेताहरुले आफ्नो लोकप्रियता सिद्ध गर्ने थलो पनि चुनावलाई नै मानिन्छ। पछिल्लो पटक दल बदल गर्नेहरु मधेश र पहाड दुवैतर्फ समान रुपमा देखिन्छ। नेकपा एमालेका पनि केही नेताहरुले दल परित्याग गरेका छन्। अध्यक्ष केपी शर्मा ओलीले दलमा फरक मत राख्नेहरुलाई चुनावको टिकट काटेको आरोप लागेको छ। कांग्रेसमा दुई गुट सतहमा आएको छ। १३ दल र नेता मिलेको नेकपामा पनि असन्तुष्टि चुलिएको छ। अन्य दलहरुमा प्रवेशको लहर चलेको देखिन्छ। टिकटका लागि भइरहेको अनैतिक कार्यले चुनाव जिते पनि विश्वासको संकट कायम नै रहनेछ। राजनीतिमा निष्ठा अत्यन्त महत्वपूर्ण हो। निष्ठामा आघात भए अस्तित्व नै संकटमा पर्न सक्छ।

# आम चुनाव ०८२ मतदान र मतदाताहरू



डा.केदार कार्की

आगामी फागुन २१ मा तय भएको निर्वाचनका लागि मुलुक करिब-करिब अन्तिम चरणको तयारीमा पुगेको छ। राजनीतिक दलहरूले आफ्ना उम्मेदवार मनोनयन गर्ने प्रक्रिया पर्सिसम्म पूरा गर्नेछन्। निर्वाचन आयोगले प्रशासनिक तथा प्राविधिक तयारी अन्तिम चरणमा पुगेको जनाएको छ भने गृह मन्त्रालयले पनि निर्वाचन सुरक्षाका सबै बन्दोबस्त मिलाइसकेको दाबी गरेको छ। यस अर्थमा हेर्दा मुलुक निर्वाचनको औपचारिक मार्गमा प्रवेश गरिसकेको छ।

वि.स. २०७२ मा संविधान बनेर देश सङ्घीय गणतान्त्रिक व्यवस्थामा गएपछि नेपालमा नौलो अभ्यास बन्दै गरेको प्रदेश अनि पहिलो निर्वाचित गणतान्त्रिक सरकार गठनको लागि थुप्रै सपनाहरू पालेर नागरिकले उत्साहप्रद ढङ्गले मतदान गरेका थिए।तर, चुनाव पछि प्रदेश र सङ्घीय सरकार चलाउनेहरूले देश र जनताप्रति गरेका घात, बेवास्ता, भ्रष्टाचार, मनोमानी, कानुनी शासनको उपहास जस्ता कुराले सङ्घीय व्यवस्थाको पहिलो ५ वर्षमै नागरिकहरूमा व्यवस्था प्रति नै एक किसिमको वितृष्णा उत्पन्न भएको थियो।तैपनि पहिलो अवधि सिकाईमा बित्यो र अबका दिनमा संघीयता र गणतन्त्रको असल अभ्यास हुनेछ भन्ने आशामा नागरिकले दोश्रो संसदीय निर्वाचनमा मतदान गरेका थिए।

निर्वाचनले कुनैपनि दललाई एक्लै सरकार चलाउन पुग्ने बहुमत दिएन र सत्ताको फोहोरी खेलको आधार तयार भयो। चुनावमा गरेका बाचा र दलीय सिद्धान्तलाई कुल्चेर सत्ताको लागि जे पनि गर्न तयार हुने नेताहरूको व्यवहारले गर्दा पछिल्ला तिन वर्षमा नेपाली नागरिकहरूले जुन बेथिति देख्नुपऱ्यो, त्यसले गर्दा प्रदेश खारेजी र व्यवस्था नै परिवर्तनको लागि जनमत तयार भैरहेको महसुस धेरै नेपालीहरूले गरेकै हुन्।

दलका नेतालाई खबरदारी गर्न र भ्रष्ट्राचार विरुद्धमा आवाज उठाउदा जेनजी आन्दोलन हुन पुग्यो। संविधान संसोधन गरेर अहिलेको संसदीय संरचना नै परिवर्तन गरेर देशलाई नयाँ दिशामा लैजानुपर्ने नयाँ पुस्ताको माग भएपनि यहि संविधान र व्यवस्थाबाट नै परिवर्तन खोज्ने अन्तरिम सरकारको कार्यदिशा अनुसार पृथक परिस्थितिमा सङ्घीय संसदको लागि चुनाव हुदैछ।

दल र नेताहरूप्रति वितृष्णा बढिरहेको अवस्थामा चुनाव हुन लागेकोले अघिल्लो चुनावमा जत्तिपनि नागरिकहरूमा उत्साह छैन। राजनैतिक परिदृश्यहरू छिटोछिटो परिवर्तन भैरहेका छन्, अन्तर्राष्ट्रिय परिवेश पनि अनुमान भन्दा बाहिर छ।

जेनजी आन्दोलनताका देखिएको फितलो सुरक्षा संयन्त्रले गर्दा नागरिकले सुरक्षाको प्रत्याभूति गर्न सकेका छैनन्। यस्तो अवस्थामा फागुन २१ मा चुनाव नहुने त हैन भन्ने आशंका कायमै रहेपनि दलहरू चुनावी दौडमा लागेकोले पक्कैपनि चुनाव हुनेछ। अनि, थुप्रै असन्तुष्टि हुदाहुदैपनि नागरिकहरूले भोट पनि हाल्नेछन्।

नेपालका ठूला दलहरूले ल्याएको संघियता र गणतन्त्रको औचित्यतामा प्रश्न गर्नुपर्ने अवस्थामा अहिलेको समाज उभिएको छ। तरपनि अर्को ठुलो परिवर्तन नहुँदासम्म नेपाली नागरिकहरूले यहि ब्यवस्थालाई व्यवस्थित बनाउन र यसै व्यवस्थाबाट सुशासन र समृद्धि ल्याउनको लागि भोट हालिरहनु पर्नेछ।

व्यवस्थाप्रति असहमति राख्दै व्यवस्था परिवर्तन गर्ने चाहाना राख्नेहरूले पनि आफ्नो पक्षीय मान्छेलाई संसदमा पुऱ्याउनको लागि पनि निर्वाचनमा भाग लिनुपर्ने बाध्यता छ। त्यसैले नेपालमा अहिले यो व्यवस्था सर्वश्रेष्ठ छ भन्नेहरू र यो व्यवस्था ठिक छैन भन्ने दुबैथरी मानिसहरू चुनावी प्रतिष्प्रर्धामा हुनेछन्। नागरिक समुहहरू पनि अहिले यिनै दुई कित्तामा विभाजित छन्।


यस्तो अवस्थामा आम निर्वाचनमा नागरिकहरूको सहभागिता र छनौट विगतमा भन्दा बढी महत्वपूर्ण हुने निश्चित छ। चुनाव मुखैमा अईसकेकोले प्रत्येक देशको अधिकतम कल्याण गर्न सक्ने योग्य उम्मेदवारले चुनाव जिताउने दायित्व मतदाताको हो।यो दायित्व पुरा गर्नको लागि निम्न तिन पक्षमा सतर्कता अपनाउनु जरुरि छ।

धेरै मतदाताहरू दलका भक्तहरू छन्। अरूबेलामा दल र नेताहरूले केहि गरेनन, नेताहरू खराब भए, व्यवस्था नै ठिक भएन भन्दै चिच्याउनेहरू अहिले दलका उनै व्यक्तिलाई उम्मेदवार बनाउनुपर्छ र जिताउन पर्छ भन्दै मरिहत्ते गरेर लागेका छन्।

प्रजातान्त्रिक र दलीय सस्कार राम्ररी विकास नभएको अवस्थामा दलले उठाएका उम्मेखवारलाई राम्रो ठान्नु र उसलाई भोट दिनुपर्छ भन्ने ठान्नु स्वाभाविक पनि हो। कार्यकर्ताले दलका खराब व्यवहार र खराब मान्छेलाई सबक नसिकाउने हो भने नेपालको आर्थिक सामाजिक अवस्था कहिल्यै सुधार हुनेवाला छैन। अहिले नेपाल जटिल आर्थिक, सामाजिक र राजनीतिक मोडमा छ।

यस्तो अवस्थामा सबै दलका नेता कार्यकर्ताले आफ्नो दललाई योग्य व्यक्तिलाई उम्मेदवार बनाउन दबाव दिनुपर्छ र दलीय चस्माले उम्मेदवारलाई नहेरी देशको भविस्यको दृष्टिबाट उम्मेदवारलाई हेरेर को सहि? को गलत? भन्ने कुराको विश्लेषण गर्नुपर्छ।

सकेसम्म आफ्नो आस्था भएको दलमा राम्रो उम्मेदवार आउछ भने उसैलाई भोट दिनुपर्छ। तर, दलले उठाएका



उम्मेदवारको विगतको व्यवहार र क्षमता समाज र सुशासनमैत्री छैन भने अरू उम्मेदवारलाई भोट दिने हिम्मत पनि गर्नुपर्छ।यसो गर्दा एकपटक आफ्नो दलले नजित्ला तर आउँदा दिनमा योग्य व्यक्तिलाई उम्मेदवार बनाउनु पर्ने रहेछ भन्ने चेत खुल्नेछ। राम्रो उम्मेदवार जुनसुकै उमेर समूह, वर्ग, जातीय र भौगिलिक समुह तथा विभिन्न दलमा हुन् सक्छन्।यी मध्ये कुनलाई राम्रो भनेर छान्नु सजिलो काम पक्कैपनि हैन। अर्काले बनाईदिएको राम्रो उम्मेदवारको मानक आफुलाई चित्त नबुझ्न पनि सक्छ। त्यसैले राम्रो मान्छे हो कि हैन भन्ने कुराको प्रश्न आफैले आफुलाई धेरैपटक गर्नुपर्छ।

सकेसम्म निर्वाचन क्षेत्रकै स्थायी वासिन्दा, सामाजिक, शैक्षिक, पर्यावरण संरक्षण जस्ता कुनै काममा संलग्न भएको, विगतमा कुनै पदमा निर्वाचित वा मनोनित भएको भए सो पदमा बस्दा उसले गरेको कामको समेत मुल्यांकन गर्नुपर्छ। कुनै देखिने ब्यापार व्यवसाय वा पेशामा संलग्न नभएपनि उच्चस्तरको जीवनयापन गरिरहेको व्यक्तिमा कुनै न कुनै खोट छ भन्ने अनुमान गर्नुपर्छ।

आफ्नो सिद्धान्तप्रति अविचलित, शिक्षा, स्वास्थ्य, रोजगारी, प्रकृति संरक्षणप्रति प्रतिवद्ध, धरातलीय र वस्तुगत योजनाहरू पस्केको र विगतमा ति कामहरू गर्न तत्परता देखाएको वा देखाउने सम्भावना भएका व्यक्तिमा असल उम्मेदवारका गुणहरू हुन्छन्। चुनावमा भोट हाल्न जानु केहि दिन अघि नै यी कुराको विश्लेषण गर्दै , अरूको राय समेत बुझी भोट हाल्ने व्यक्ति निश्चित गर्नुपर्छ।

भनिन्छ- "असल मतदाताले चुनावमा सभागिता नजनाउँदा खराब उम्मेदवारले चुनाव जित्छन र असल मानिसहरू माथि शासन चलाईरहन्छन्।" अहिलेको व्यवस्था अनुसार जतिसुकै कम भोट ल्याएपनि प्रतिद्वन्दीले भन्दा एकभोट बढी ल्याउनेले चुनाव जित्छन्। त्यसैले उम्मेदवार चिन्न सक्ने मानिस मतदान गर्न नजादा दलहरूलाई दुःख लाग्दैन।

'गतिलो उम्मेदवार नै छैन, कसले जितेर के हुन्छ? भन्ने सोच्ने तटस्थ मतदाताको कारण दलहरूले निर्वाचनमा कुकुर नै खडा गरेपनि दलका कार्यकर्ताहरूले जिताएर पठाउने अवस्था छ। जनताको व्यवस्था भनिएपनि २५ देखि ४० प्रतिशतसम्म मतदाताहरूले चुनावमा भोट नखसालेको विगतको निर्वाचनले देखाएको छ।

पहिलो सङ्घीय चुनावमा नेपालमा प्रतिनिधिसभा तर्फ ६८.६७ प्रतिशत मात्र मत खसेको थियो भने २०७९ को चुनावमा ६१.८५ प्रतिशत मात्र मत खसेको थियो। समाजलाई बुझेका र उम्मेदवारलाई प्रश्न गर्न सक्ने व्यक्तिहरूले बढी भन्दा बढी चुनावमा सहभागी भएर " हाम्रो हैन, राम्रो मान्छेलाई मतदान" गर्ने हो भने दलका अन्धभक्त, मासु र पैसामा बिकेकाहरूको भोट निर्णायक हुन पाउदैन र प्रतिनिधि सभा र सङ्घीय सरकारमा असल र योग्य मानिस पुग्न पाउनेछन्।

मत बदर नेपालको चुनावको ठुलो समस्या हो। २०७४ सालको निर्वाचनमा नेपालमा खसेका कूल मतहरू मध्ये ५.१७८ प्रतिशत अर्थात ५ लाख ४८ हजार ५७० मत बदर भएका थिए भने २०७९ को निर्वाचनमा कूल खसेको मतको ५.०६ प्रतिशत अर्थात ५,५९,७६१ मत बदर भएका थिए . उत्साहपूर्वक मतदानमा सरिक भएका यति धेरै नागरिकमा मतहरू खेर जानुबाट पनि असल उम्मेदवार चुनिनमा बाधा पुगेको हुन्छ।

पहिलेका चुनावमा दल र उनीहरूका उम्मेद्वारहरू निस्चित भएकाले मतदातालाई चुनाव चिन्ह सम्झे पुग्थ्यो. तर २०७९ को चुनावमा जस्तै अहिलेपनि दलीय गठबन्धन हुने सम्भावना रहेकोले कुन दलको उम्मेदवार कुन हो? कुन उम्मेदवारले प्रदेश वा प्रतिनिधिसभा मध्ये कुनमा भोट मागेको छ भन्ने कुरा बुझ्न नै गैह्र राजनैतिक मान्छेलाई गाह्रो हुनेछ। खासगरि पाका पुस्ता र राजनीतिमा खासै चासो नराख्ने सामान्य मतदान झुक्किने र रोजेको भन्दा फरक उम्मेदवारको मतचिन्हमा छाप लगाउने सम्भावना धेरै छ।

अहिले युवाहरूले नो भोटको माग गरिरहेकोले यदि आफुले योग्य ठानेका व्यक्ति उम्मेदवार नरहेका मतपत्र बिगारेर मतदान गर्ने सम्भावना छ। यसले बदर मतको संख्या पक्कैपनि बढाउनेछ। त्यसैले सचेत नागरिकले आफ्नो क्षेत्रबाट राम्रो मान्छे उम्मेदवार भएको छ भने उसलाई जानुपर्ने भोट बदर नहोस भन्ने कुरामा विशेष ध्यान दिनुपर्छ। अहिले हुन थालेको चुनाव देशको भविष्य कस्तो बनाउने भन्ने छनौट गर्ने अवसर हो।

नियमित प्रक्रिया अनुसार चुनाव अर्को ५ वर्षमा फेरी पनि आउनेछ, तर अहिले हामीले योग्य व्यक्तिलाई छनौट गर्न सकेनौ भने १-२ वर्षमै धेरै कुरा गुमाईसकेका हुनेछौ.। व्यवस्था परिवर्तनको नाममा, देशमा समृद्धि र सुशासन ल्याउने नाममा अहिलेसम्म पटकपटक आन्दोलन गरिरहनु परेको छ, ठुलो धनजनको क्षति बेहोर्नु परिरहेको छ। देशले सधैं आन्दोलन र विद्रोह थेग्न सक्दैन।

चुनावको बेलामा आफ्नो दल वा आफ्नो मान्छे भन्दै खराब व्यक्तिलाई संसद र सरकारमा पुग्ने बाटो तयार गरिदिने अनि त्यसपछिका समयमा नेताहरूले गर्दा देश बिग्रियो भन्दै चिच्याउनु र आन्दोलन गर्नुको अर्थ रहदैन।


यो निर्वाचन सामान्य परिस्थितिमा भएको होइन। भदौ २३ र २४ गते सम्पन्न जेनजी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रमले मुलुकलाई एकाएक नयाँ निर्वाचनतर्फ धकेलेको हो। सुशासन, पारदर्शिता, जवाफदेहिता र जनउत्तरदायी शासन प्रणालीको मागसहित उठेको जेनजी आन्दोलनले सत्ता र व्यवस्थाप्रति गम्भीर प्रश्न उठायो। त्यसकै परिणामस्वरूप अहिलेको संक्रमणकालीन अवस्था जन्मिएको हो। यही पृष्ठभूमिमा हुन गइरहेको निर्वाचन केवल सत्ता हस्तान्तरणको प्रक्रिया मात्र होइन, संघीय लोकतान्त्रिक गणतन्त्रलाई पुनः स्थायित्व दिने एउटा निर्णायक अवसर पनि हो। त्यसैले यो निर्वाचनलाई सफल बनाउनु सरकार, राजनीतिक दल, राज्य संयन्त्र, सुरक्षा निकाय र नागरिक सबैको साझा दायित्व हो। अहिले देखिएको राजनीतिक संक्रमणलाई लामो समयसम्म लम्ब्याउनु मुलुकका लागि घातक हुन सक्छ। संक्रमण लम्बिँदै जाँदा संस्थागत अस्थिरता बढ्ने, लोकतान्त्रिक अभ्यास कमजोर हुने र जनतामा व्यवस्थाप्रति वितृष्णा फैलिने जोखिम रहन्छ।

निर्वाचन सफल बनाउन सबै दलले न्यूनतम राजनीतिक सहमति र जिम्मेवारी देखाउनै पर्छ। सत्ता वा प्रतिपक्षको हिसाबले होइन, लोकतन्त्रको निरन्तरताको हिसाबले सोच्ने समय यही हो। जेनजी आन्दोलनले उठाएको सुशासनको एजेन्डा निर्वाचनपछि पनि केन्द्रमा रहनुपर्छ। तर त्यसका लागि पहिला वैध जनप्रतिनिधि चयन हुने वातावरण बनाउनु अपरिहार्य छ। यद्यपि, हरेक निर्वाचनसँगै केही विकृति र विसंगतिहरू देखिने गरेका छन्। आचारसंहिता उल्लंघन, पैसाको दुरुपयोग, प्रशासनिक प्रभाव, भड्किलो प्रचार, सामाजिक सञ्जालमार्फत गलत सूचना फैलाउने प्रवृत्तिजस्ता जोखिमहरू यसपटक पनि देखिन सक्छन्। यस्ता विकृतिलाई शुरुमै नियन्त्रण गर्न नसकिए निर्वाचनको विश्वसनीयतामाथि प्रश्न उठ्न सक्छ।

त्यसैले निर्वाचन आयोगले लागू गरेको निर्वाचन आचारसंहितालाई कागजमा सीमित नराखी प्रभावकारीरूपमा कार्यान्वयन गर्नुपर्छ। उल्लंघन गर्ने जोसुकै भए पनि निष्पक्ष र तत्काल कारबाही हुनुपर्छ। सरकारी संयन्त्र र सुरक्षा निकायले पनि निष्पक्षता, व्यावसायिकता र संवेदनशीलता प्रदर्शन गर्नुपर्छ। राज्य संयन्त्र कुनै दल वा समूहको पक्षमा होइन, लोकतन्त्रको पक्षमा उभिनुपर्छ। अन्ततः निर्वाचन केवल आयोग वा सरकारको कार्यक्रम होइन, यो जनताको उत्सव हो। नागरिकको सक्रिय सहभागिता, सचेत मतदान र लोकतान्त्रिक आचरणले मात्रै निर्वाचनको सार्थकता पुष्टि हुन्छ। संघीय लोकतान्त्रिक गणतन्त्रलाई मजबुत बनाउने हो भने अहिलेको निर्वाचनलाई शान्त, निष्पक्ष र विश्वसनीय बनाउनुको विकल्प छैन।

हामी मतदाताहरू उम्मेदवार छनौटदेखि मतदानको दिनसम्म सचेत हुने हो भने सकेसम्म असल मान्छे र त्यो नभएमा खराबहरू मध्ये पनि कम खराब मान्छेले हामीमाथि र हाम्रो लागी शासन गर्न पाउनेछ। यसो हुन सकेमा मात्र देशमा सुशासन अनि समृद्धिको आधार तयार हुन सक्नेछन्।

# गुमिरहेको अपार सम्भावना र सुधारको पर्खाईमा संग्रहालय



ओमप्रकाश घिमिरे

सन् २०२५ को नोभेम्बर १ तारिखमा इजिप्टले करिब साढे एक अर्ब डलर लगानी गरेर निर्माण गरेको ग्रान्ड इजिप्सियन म्युजियम विश्वका ७९ देशका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा उद्घाटन गऱ्यो। देशभरि सार्वजनिक बिदा दिएर उद्घाटन गरिएको सो कार्यक्रमका अतिथिहरुले इजिप्टको सभ्यता र संस्कृति विश्वकै लागि एक महत्वपूर्ण वैभव भएकाले मानव सभ्यताका ती प्रमाणहरु हेर्न विश्वका हरेक मानिसहरु यो सङ्ग्रहालय आउनुपर्छ भन्ने सन्देश दिएका थिए भने विश्वभरिकै 'मिडिया'मा यो विषयको भव्य चर्चा पनि भयो।

सङ्ग्रहालयकै अर्को प्रसङ्ग जोडौं। करिब एक अर्ब ४२ करोड जनस्ख्या रहेको छिमेकी मुलुक चीनमा त्यहाँको सरकारले ९० प्रतिशत सङ्ग्रहालयमा निःशुल्क प्रवेश गर्ने व्यवस्था गरेको छ, जहाँ सन् २०२४ मा करिब एक अर्ब ५० करोड मानिसले सङ्ग्रहालय भ्रमण गरेका थिए। सन् २०१६ गरिएको एक अध्ययनअनुसार संयुक्त राज्य अमेरिकामा सङ्ग्रहालयले सात लाख २६ हजारभन्दा बढी मानिसलाई रोजगारी दिएको छभने वार्षिक ५० अर्ब डलरभन्दा बढी राष्ट्रिय अर्थतन्त्रमा योगदान गरेको छ।

यी केही उदाहरणहरु हुन् जसले सङ्ग्रहालयलाई पुराना वस्तुको भण्डारण गृहको सीमित दायराको परम्परागत बुझाइलाई राष्ट्रिय पहिचान, गरिमा, पर्यटक आकर्षण र अर्थतन्त्रको उत्प्रेरकसमेत हो भन्ने फराकिलो दायरामा बुझ्ने तथ्यगत आधारहरु दिन्छ। सङ्ग्रहालयको यही सम्भावना देखेर विश्वका धेरै मुलुकले अहिले सङ्ग्रहालय निर्माणमा ठूलो लगानी गरेका छन्। उदाहरणका लागि, गत नोभेम्बरमा उद्घाटन गरिएको इजिप्टको सङ्ग्रहालयको लगानी करिब डेढ अर्ब डलर अर्थात् दुई खर्ब नेपाली रुपैयाँभन्दा बढी हुन्छ। सङ्ग्रहालय इतिहास, ज्ञान, स्मृति, पहिचान र संवादका केन्द्र हो, जसले समाजलाई आफ्ना विगतसँग जोड्दै वर्तमान र भविष्यका लागि मार्गदर्शन समेत गर्दछ। शिक्षा, अनुसन्धान, संरक्षण र जनसञ्चारका माध्यमबाट सङ्ग्रहालयले सामाजिक रूपान्तरणको भूमिका बढाइरहेको छ। विश्वमा अहिले सङ्ग्रहालय हरेक देशको सफ्ट पावर (नरम शक्ति) का रुपमा पनि मानेको छ र ठूलो लगानी भइरहेको छ।

### नेपालमा संग्रहालयको अवस्था

विश्वमा आधुनिक सङ्ग्रहालयको सुरुआत आजभन्दा झन्डै साढे तीन सय वर्षअघि सन् १६८२ मा बेलायतमा स्थापना भएको अस्मोलिन म्युजियमबाट भएको मानिन्छ। नेपालमा भने विश्वमा आधुनिक सङ्ग्रहालय स्थापना भएको साढे दुई सय वर्षपछि अर्थात् १९९५ सालमा स्थापना भएको नेपाल म्युजियम पहिलो सङ्ग्रहालय हो। २०२४ सालमा उक्त सङ्ग्रहालय राष्ट्रिय सङ्ग्रहालयमा रुपान्तरित भयो। अहिले यो परिसरभित्र राष्ट्रिय सङ्ग्रहालय र राष्ट्रिय मुद्रा सङ्ग्रहालय सञ्चालनमा छन्।

युनेस्कोको तथ्याङ्कअनुसार विश्वभर एक लाख चार हजारभन्दा बढी सङ्ग्रहालय सञ्चालनमा छन्। नेपालमा भने करिब एक हजार सङ्ग्रहालय दर्ता भएको अनुमान गरिएको छ। तर ती सबै सङ्ग्रहालय सञ्चालनमा आएका छैनन्। सत्‍्यात्मक बृद्धिसँगै विश्वभर सङ्ग्रहालयको आर्थिक, सामाजिक, सांस्कृतिक र अन्य प्रभावहरु समेत फैलिदै गएको छ। नेपालमा भने अझै पनि सङ्ग्रहालयप्रतिको बुझाइ र अभ्यास परम्परागत शैलीकै देखिन्छ।

विसं २००७ सालमा प्रजातन्त्र आएपछि सम्पदा, संस्कृति र इतिहासको संरक्षण गर्नु राज्यको दायित्व हो भन्ने कुरा २००७ सालको संविधानमा उल्लेख गरियो र त्यसपछि २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐन ल्याई त्यसैलाई कानूनी आधार मान्दै विभिन्न सङ्ग्रहालयहरु निर्माणमा राज्यले अग्रसरता लियो। हाल सञ्चालनमा रहेका राष्ट्रिय काष्ठकला सङ्ग्रहालय, राष्ट्रिय मुद्रा सङ्ग्रहालय, राष्ट्रिय धातुकला सङ्ग्रहालय, हनुमानढोका सङ्ग्रहालय, पाटन सङ्ग्रहालय त्यसैको उपज हुन् भन्न सकिन्छ।

अहिलेको संविधानले सङ्घीय, प्रदेश र स्थानीय तिनै तहका सरकारलाई सङ्ग्रहालय स्थापना र सञ्चालनको अधिकार दिइएको छ। तर संविधानले दिएको अधिकारलाई स्पष्ट पार्ने गरी सङ्ग्रहालय सम्बन्धमा सङ्घीय कानून बन्न नसक्दा सङ्ग्रहालयको सञ्चालन र व्यवस्थापनको बृहत्तर कानूनी आधार छैन। यद्यपि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सङ्ग्रहालय सञ्चालनको अधिकार स्थानीय सरकारलाई दिएको छ। यही कानुनी आधारलाई टेकेर पछिल्लो समयमा स्थानीय तहमा सङ्ग्रहालय खुल्ने क्रम पनि बढेको छ तर सङ्ग्रहालयको स्थापना र सञ्चालनका लागि अनिवार्य रुपमा सुनिश्चित गर्नुपर्ने आधारभूत मापदण्ड नहुँदा र सङ्ग्रहालयको दर्ता तथा अनुगमन गर्ने विशिष्ट निकाय नहुँदा नयाँ खुलेका सङ्ग्रहालय व्यवस्थित बन्न सकेको देखिँदैन।

सङ्ग्रहालय दर्ता र सञ्चालनको क्रम समेत बढेता पनि यसको सत्‍्या समेत कति छ भन्ने बारेको यकिन आँकडा छैन। सङ्ग्रहालयहरु जिल्ला प्रशासन कार्यालय, कम्पनी रजिट्रार कार्यालय, स्थानीय सरकारलगायतका विभिन्न निकायमा दर्ता भएका कारण एकै ठाउँमा यिनीहरुको आँकडा पाउन कठिन छ तर पनि सरकारी क्षेत्रसँगै समुदाय, विश्वविद्यालय, धार्मिक संस्थाहरु, निजी क्षेत्र र गैरसरकारी क्षेत्रबाट समेत सङ्ग्रहालय सञ्चालन गर्ने क्रम बढेकाले यसप्रति धेरैको चासो बढेको सङ्केत गर्दछ। राष्ट्रिय समाचार समिति (रासस)ले पनि गतवर्ष मिडिया सङ्ग्रहालयको स्थापना गरी नेपाली सञ्चार क्षेत्रमा अध्ययन अनुसन्धानको नयाँ ढोका खोलेको छ। यसैगरी अन्य विषयगत एवं क्षेत्रगत सङ्ग्रहालयहरुको पनि स्थापना हुँदै जाँदा सम्बन्धित विषय वा क्षेत्रको मात्र नभई समग्र राष्ट्रकै गहना बढ्न जाने हुन्छ।

अन्तरराष्ट्रिय सङ्ग्रहालय परिषद् (आइकम) को नेपाल च्याप्टर आइकम नेपालका अनुसार नेपालमा साना ठूला गरी करिब एक हजार सङ्ग्रहालय दर्ता भएको अनुमान गरिएको छ भने वार्षिक रुपमा करिब ३० लाख मानिसले सङ्ग्रहालय भ्रमण गर्ने गरेको अनुमानित आँकडा छ। सङ्ग्रहालय खुल्ने क्रम बढेसँगै करोडौंको लगानी भइरहेको छभने सयौंले रोजगारी पनि पाएका छन्। उदाहरणका लागि, दाङ जिल्लाको दङ्गीशरण गाउँपालिकामा सामुदायिक स्तरबाट सञ्चालित थारू सङ्ग्रहालयले १४ जनालाई प्रत्यक्ष रोजगारी दिएको छ।

### स्पष्ट संवैधानिक व्यवस्था, अस्पष्ट कानून

नेपालको संविधान २०७२ ले संस्कृति र सम्पदालाई राज्यको नीतिगत प्राथमिकतामा राख्दै धारा ५१ मा संस्कृति, सम्पदा, सभ्यता, भाषा र विविधताको संरक्षण र प्रवर्द्धनमा राज्यको भूमिका स्पष्ट उल्लेख गरेको छ। त्यसैगरी, धारा ३२ ले मौलिक हकको रुपमा प्रत्येक नागरिक र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्न पाउने अधिकारको प्रत्याभूति गरेको छ। सरकारी, निजी र सामुदायिक सबै क्षेत्रबाट खुलेका सङ्ग्रहालयहरुले संविधानले उल्लेख गरेको संस्कृति, सम्पदासम्बन्धी राज्यको दायित्व र नागरिकको मौलिक हक कार्यान्वयनमा महत्वपूर्ण योगदान गरेको देखिन्छ।

यी सङ्ग्रहालयहरू नेपाली समाज, इतिहास, सभ्यता र संस्कृतिका संरक्षक मात्र नभई शिक्षा र पर्यटनका महत्वपूर्ण केन्द्रका रुपमा पनि विस्तारित भएका छन्। तर यति महत्वपूर्ण भूमिका निर्वाह गरिहरेका सङ्ग्रहालयको दर्ता, सञ्चालन, अभिलेखीकरण र नियमनका लागि कुनै विशिष्ट कानुन र निकाय नहुनुले यस क्षेत्रमा राज्यको कमजोर अवस्थालाई चित्रण गर्दछ।

नेपालको राष्ट्रिय संस्कृति नीति २०६७ ले सङ्ग्रहालयलाई बहुआयामिक ढङ्गले विकास गर्ने लक्ष्य उल्लेख गर्दै विशिष्ट सङ्ग्रहालय ऐन निर्माण गर्ने कुरा उल्लेख गरेको छ। तर नीति बनेको १५ वर्ष बितिसक्दा पनि सङ्ग्रहालयसम्बन्धीको कानुन बन्न सकेको छैन। यसको अभावमा नेपालको इतिहास, संस्कृति, सम्पदा र राष्ट्रिय गौरव र चिनारी विश्वमा फैलाउने तथा आम्दानीको रुपमा समेत विकास गर्ने अवसर नेपालले गुमाइरहेको छ। युनेस्कोले सङ्ग्रहालयलाई सिर्जनशील अर्थतन्त्रको महत्वपूर्ण धरोहर मानेको छ। नेपालले पनि आर्थिक लाभको सम्भावनालाई कानुन, संस्थागत संरचना, अनुगमन, सहजीकरण र तथा मापदण्ड बनाई व्यवस्थापन गरी सिर्जनशील अर्थतन्त्रको बलियो खम्बाका रुपमा विकास गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

### अबको बाटो

सङ्ग्रहालय स्थायी र सार्वजनिक संस्था भएकाले यसका केही विश्वव्यापी मान्यताहरु छन्। ती मान्यतालाई समेत ख्याल गर्दै हाम्रा सबै सङ्ग्रहालयको उद्देश्य, प्रकार, जनशक्ति, लगानी, भवन डिजाइन, सुरक्षा, आगन्तुक लगायतका आधारभूत कुराको स्पष्ट भई यी विश्वव्यापी मान्यता सुनिश्चित गर्नु अनिवार्य हुन्छ। तर अहिले स्थापना भएका अधिकांश सङ्ग्रहालयले न्यूनतम मान्यता पूरा गरेको देखिँदैन न त त्यसको आधार तोक्ने र परीक्षण गर्ने निकाय नै छ। यही कारण नयाँ सङ्ग्रहालयहरु कुनै मापदण्डलाई आधार मानेरभन्दा पनि आफ्नो अनुकूलताअनुसार खुलेका छन्। कतिपयले ग्यालरीलाई पनि सङ्ग्रहालय भनिरहेका छन्। जबसम्म सङ्ग्रहालयसम्बन्धी कानुनमार्फत सङ्ग्रहालय स्थापना, सञ्चालन, सुरक्षा लगायतका आधारभूत पक्षलाई राष्ट्रिय मापदण्डबाट निर्दिष्ट गरिँदैन, तबसम्म सङ्ग्रहालयको समस्या र अन्योलता बढेर जानेछ।

# भयमुक्त वातावरणमा निर्वाचन हुन्छः कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी



काठमाण्डु । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा हुने बताउनुभएको छ।

मनोनयन दर्ताको पूर्वसन्ध्यामा सार्वजनिक अपिल गर्दै उहाँले निर्वाचनको विकल्प निर्वाचन नै भएकाले निर्वाचनमा सबै क्षेत्रबाट सहयोग प्राप्त हुने अपेक्षासमेत गर्नुभएको उल्लेख गर्नुभएको छ।

निर्वाचन घोषणा भएसँगै आयोगले कार्यसम्पादन गर्नुपर्ने विषयलाई कार्यतालिका बनाई अघि बढेको उल्लेख गर्दै उहाँले भन्नुभएको छ, "कार्यतालिका बनाएर थुप्रै कार्यसम्पादन गरेर अब भोलिअर्थात् माघको ६ गते जो-जो चुनिन चाहनुहुन्छ उहाँहरूको मनोनयन पत्र दाखिल गर्ने समय आएको छ । बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म मनोनयन हुँदैछ।"

कावा प्रमुख निर्वाचन आयुक्त भण्डारीले गए राति १२ः०० बजेदेखि आचारसंहिता लागू भएको अवगत गराउँदै यी सबै कार्यक्रम चार महिना अगाडि प्रकाशित भएको कार्यतालिकाअनुसार कार्यसम्पादन भइरहेको बताउनुभएको छ। "अब कुनै पनि विषयवस्तुलाई संशोधन गर्ने थप्ने घटाउनेलगायत काम हुँदैनन्। तोकिएकै समयमा मनोनयन पत्र दाखिल हुन्छ र निर्वाचन सम्पन्न हुन्छ, आयोग यसैमा ढुक्क छ", उहाँले भन्नुभएको छ।

आयोगले निर्धारण गरेको निर्धारित समयभित्र मनोनयन पत्र दाखिल हुनुपर्ने र दाखिला भइसकेपछि जाँचबुझ गर्नेलगायतका कानुनी प्रक्रिया अघि बढ्ने उहाँको भनाइ छ। उहाँले निर्वाचनका विषयमा अदालतले आदेश गरिसकेपछि त्यो सबैले मान्नुपर्ने उल्लेख गर्दै आयोगले अदालतमा रहेको विषयवस्तुलाई अहिले विश्लेषण गरेर यो हुन्छ र त्यो हुन्न भनेर भन्न नमिल्ने स्पष्ट पार्नुभयो।

"मनोनयन पत्र दाखिला गर्नुपर्ने उम्मेदवार मनोनयनस्थल पुग्न सक्नुभएन भने आफ्नो वारेसमार्फत मनोनयन दाखिला गर्ने कानुनले व्यवस्था दिएकै छ। हामीले विभिन्न निर्देशिकामार्फत यसको जानकारी गराएका छौँ", कावा प्रमुख निर्वाचन आयुक्त भण्डारीले भन्नुभएको छ।रासस

## प्रतिनिधिसभा सदस्य निर्वाचनः

# मनोनयनपत्र दर्ताको तयारी पूरा

काठमाण्डु। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मनोनयनपत्र दर्ता गर्न तयारी पूरा भएको छ।

देशभरका ८८ मुख्य निर्वाचन अधिकृतका कार्यालय र ८८ निर्वाचन अधिकृतका कार्यालयमा सबै तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ । मुलुकभरका १६५ वटै निर्वाचन अधिकृतका कार्यालयमा उम्मेदवारको नाम मतदाता नामावलीमा छ, छैन भनी रुजु गर्न आवश्यक सामग्री पुगिसकेको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो।

उहाँले यसपटक आयोगले आचारसंहितामै उल्लेख गरेर उम्मेदवारले सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था गरेको र उक्त विवरण खामबन्दी गरी बुझाउनुपर्ने बताउनुभयो। "आचारसंहिता पालना गर्छु, कानुनले अयोग्य ठहराएमा उम्मेदवारी रद्द हुँदा पनि मञ्जुर छ, निर्वाचन कानुनसम्बन्धी सबै व्यवस्थाको पालना गर्छु, जस्ता विषय उम्मेदवारले स्वघोषणामा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने छ", सहायक प्रवक्ता जिसीले भन्नुभयो।

उम्मेदवारीसँगै १३ प्रकारका कागजात पेस गर्नुपर्ने

उम्मेदवारले मनोनयनपत्र दर्ता गर्दा १३ प्रकारका कागजात संलग्न गर्नुपर्ने व्यवस्था थरिएको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि यही मङ्गलबार हुने मनोनयनपत्र दर्ता गर्दा उम्मेदवारको नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि, कुनै स्थानीय तहको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा आवश्यक पर्ने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताउनुभयो।

उम्मेदवारी दिँदा सङ्घीय, प्रदेश वा स्थानीय सरकार तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व अथवा नियन्त्रणमा रहेको वा तीनै तहका




सरकारबाट अनुदान प्राप्त संस्थाबाट पारिश्रमिक पाउने गरी बहाल रहेको भए त्यस्तो पदबाट राजीनामा दिएको निस्सा पनि उम्मेदवारले पेस गर्नुपर्ने उहाँले सुनाउनुभयो। उम्मेदवारले प्रतिनिधि तोकी मनोनयनपत्र दर्ता गर्ने भएमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २४ सँग सम्बन्धित अनुसूची ११ बमोजिमको प्रतिनिधि मुकरर गरेको फारम भर्नुपर्नेछ।

यसैगरी प्रचलित कानुनबमोजिम योग्यता पुगेको व्यक्तिले मनोनयनपत्र दर्ता गर्दा वा गराउँदा प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ८ बमोजिम सोही निर्वाचन क्षेत्रको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका एक जना प्रस्तावक र एक जना समर्थक भई विवरण भरी सहीछाप गरेको मनोनयनपत्र पनि पेस गर्नुपर्ने आयोगले जनाएको छ।

दलको तर्फबाट उम्मेदवारी दिएको भए मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको पदाधिकारीले प्रदान गरेको प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची ७ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र आवश्यक पर्नेछ । एकल चुनाव चिह्न लिई संयुक्त रूपमा निर्वाचनमा सहभागी दलहरूको हकमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची ८ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र पनि समावेश गर्नुपर्ने आयोगले जनाएको छ।

निर्वाचन अधिकृतको कार्यालयमा रु १० हजार धरौटी जम्मा गरेको रसिद वा भौचर पनि पेस गर्नुपर्नेछ। महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा भने धरौटी रकममा ५० प्रतिशत छुट हुने आयोगका प्रवक्ता भट्टराईले जानकारी दिनुभयो । विपन्नका हकमा स्थानीय तहले आर्थिक रूपमा विपन्न भनी सिफारिस गरेको पत्र पनि समावेश गर्नुपर्नेछ।

उम्मेदवारले प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २१ सँग सम्बन्धित अनुसूची ९ बमोजिमको ढाँचामा आफ्नो चल, अचल सम्पत्ति, बैंक तथा वित्तीय संस्थामा रहेको खाता, धितोपत्र, सेयर, ऋणपत्र, कसैलाई ऋण दिएको वा लिएको भए त्यसको समेत सम्पूर्ण विवरण उल्लेख गरी सिलबन्दी गरेको सम्पत्ति विवरण पनि पेस गर्नुपर्ने जनाइएको छ।

निर्वाचन निर्देशिका, २०८२ को दफा २२ सँग सम्बन्धित अनुसूची १० बमोजिम भरिएको वैयक्तिक विवरण फारम, निर्वाचित, मनोनीत वा नियुक्त भएको निकायबाट कुनै पनि प्रकारको पेस्की लिएको भए फछ्र्यौट भएको ब्यहोराको निस्सासमेत संलग्न गर्नुपर्नेछ । लेखापरीक्षणबाट कुनै पनि उम्मेदवारका नाममा किटानीसाथ असुलउपर गर्नुपर्ने भनी कायम भएको बेरुजु भए फछ्र्यौट गरेको निस्सा र निर्वाचन आचारसंहिता, २०८२ को अनुसूची ३ बमोजिमको प्रतिबद्धता पत्र पनि समावेश गर्नुपर्ने आयोगले आजै जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

**यस्तो छ निर्वाचन कार्यक्रम**

मङ्गलबार बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म १६५ वटै निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारले मनोनयनपत्र दर्ता गर्ने कार्यक्रम रहेको छ। बेलुकी ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ।

माघ ७ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयनपत्र दर्ता भएका उम्मेदवारको विरोधमा उजुरी दिने अवधि निर्धारण गरिएको छ भने माघ ७ गते दिउँसो ३ बजेदेखि माघ ८ गते बेलुका ५ बजेसम्म मनोनयनपत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरी त्यसै दिन बेलुकी ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिने आयोगले जनाएको छ।

यसैगरी माघ ९ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ। माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी त्यसै दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने कार्यक्रम रहेको प्रवक्ता भट्टराईले बताउनुभयो।रासस

# विकास देखिने गरी हुनुपर्छः मन्त्री भण्डारी

अत्तरिया। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले विकास देखिने गरी हुनुपर्ने बताउनुभएको छ।

धनगढी उपमहानगरपालिकाद्वारा आयोजित 'प्रदेशस्तरीय सीप तथा रोजगार मेला-२०८२' को सोमबार उद्घाटन गर्दै मन्त्री भण्डारीले विकासले परिणाम खोज्ने बताउनुभयो। सुदूरपश्चिम प्रकृति र संस्कृति दुबैमा धनी भएकाले त्यसको मिश्रण नहुँदा विकास हुन नसकेको बताउनुभयो।

मन्त्री भण्डारीले श्रम मन्त्रालयमा भएका विभिन्न कार्यक्रमलाई द्रुत मार्गबाट सुदूरपश्चिममा ल्याउने प्रयास गरिने बताउनुभयो। उहाँले देशमा रोजगारीका अवसर सिर्जना गर्नुपर्ने उल्लेख गर्दै युवामा भएको प्रचुर शक्तिलाई प्रयोग गर्न दिने वातावरण नुहँदा युवा विदेशिने गरेका बताउनुभयो। उहाँले भन्नुभयो, "युवामा भएको ऊर्जा प्रयोग गर्ने वातावरण भएन। युवाको त्यो उकुसमुकुसता र छटपटी विस्फोटका रुपमा प्रकट भएको छ। जेनजी आन्दोलन युवाको ऊर्जाको विस्फोट थियो। त्यो आन्दोलन थिएन।"

श्रम मन्त्रालयले आन्तरिक रोजगारका लागि कार्यविधि बनाएर केही कुरा अगाडि बढाएको मन्त्री भण्डारीले बताउनुभयो। मेलामा सात क्षेत्रका २२ विधामा तालिम सञ्चालन हुने बताइएको छ। मेला ४० दिनसम्म सञ्चालन हुनेछ।रासस

# आपसी सम्मान, सहिष्णुता र विश्वासले दिगो स्थिरतातर्फ लैजाने प्रधानमन्त्रीको विश्वास

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले सबै समुदायका मौलिक पर्व, भाषा, संस्कृति र पहिचानको संरक्षण तथा प्रवर्द्धनप्रति नेपाल सरकार सदैव प्रतिबद्ध रहेको विश्वास दिलाउनुभएको छ।

सोनाम ल्होछारका अवसरमा नेपाल तामाङ घेदुङद्वारा सोमबार टुँडिखेलमा आयोजित 'तामाङ सांस्कृतिक महोत्सव तथा शुभकामना आदान-प्रदान कार्यक्रम'लाई सम्बोधन गर्दै उहाँले सबै जातजातिका मौलिक परम्परा, संस्कृति र जीवन पद्धतिको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नु राज्यको दायित्व भएको बताउनुभयो।



आजको समय देशले शान्ति, सुव्यवस्था, सहअस्तित्व र स्थायित्व खोजिरहेको समय भएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले विविधता बीचको सम्मान, सहिष्णुता र आपसी विश्वासले मात्रै हामीलाई दिगो स्थिरतातर्फ लैजाने बताउनुभयो ।सोनाम ल्होछारजस्ता पर्वहरूले आफ्नोपन, मौलिकता र राष्ट्रिय एकताको भाव सिकाउने जनाउँदै प्रधानमन्त्रीले यसबाट हाम्रो सांस्कृतिक पहिचान विश्वमञ्चमा पुगिरहेको बताउनुभयो।

रैथाने ज्ञान, सीप र संस्कृतिको संरक्षण गर्दै नयाँ पुस्तालाई हस्तान्तरण गर्दै जानुपर्नेमा जोड दिँदै उहाँले ल्होछारसँग जोडिएको पञ्चतत्व र स्वस्थ जीवन दर्शनले तामाङ समुदायको मौलिक ज्ञान, विज्ञान र जीवन पद्धतिको गहिरो पक्षलाई उजागर गर्ने बताउनुभयो ।कार्यक्रममा तामाङ समुदायका व्यक्तिले आ-आफ्नो वेशभूषासहितको पहिरनका साथ सांस्कृतिक प्रस्तुति दिनुभएको थियो ।रासस

# जुनसुकै अवस्थामा पनि एमाले चुनावमा होमिन्छ : एमाले अध्यक्ष ओली

झापा। नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले लोकतन्त्रमा विश्वास गर्ने पार्टी भएकाले नेकपा एमाले जुनसुकै अवस्थामा पनि चुनावमा होमिने बताउनुभएको छ।

प्रतिनिधिसभा सदस्यको निर्वाचन सन्दर्भमा सोमबार गृहजिल्ला झापा आइपुग्नु हुँदा चन्द्रगढी विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै उहाँले उक्त धारणा व्यक्त गर्नुभएको हो।"शान्तिसुरक्षाको अवस्था राम्रो बन्नुपर्छ," उहाँले भन्नुभयो, "हामी जुनसुकै अवस्थामा पनि चुनावमा भाग लिन्छौँ।" निर्वाचन शान्तिपूर्ण, भयरहित र निष्पक्ष रुपमा सम्पन्न हुनुपर्ने उहाँले आग्रह गर्नुभयो ।सोमबार उहाँ काठमाडौँबाट चन्द्रगढी विमानस्थलमा आइपुग्दा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, पार्टीका जिल्ला अध्यक्ष प्रेम गिरीलगायत कार्यकर्ताले स्वागत गरेका थिए।

आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन कार्यतालिकाअनुसार यही माघ ६ गते उम्मेदवारहरूको मनोनयन दर्ता हुनेछ। अध्यक्ष ओली झापा निर्वाचन क्षेत्र नं ५ मा आफ्नो उम्मेदवारी दर्ताका लागि आउनुभएको जिल्ला अध्यक्ष गिरीले बताउनुभयो। पार्टीले निर्वाचन सन्दर्भमा आयोजना गर्ने कार्यकर्ता भेला र बैठकहरूलाई अध्यक्ष ओलीले सम्बोधन गर्ने समेत कार्यक्रम रहेको उहाँले बताउनुभयो। गत भदौमा जेनजी आन्दोलनका कारण प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि अध्यक्ष ओली गृहजिल्लामा पहिलोपल्ट आउनुभएको हो ।रासस

# नेपाली पहिचान निर्माण गर्न पर्वहरूको महत्त्वपूर्ण योगदान हुन्छः पूर्वप्रधानमन्त्री नेपाल

काठमाण्डु । पूर्वप्रधानमन्त्री एवं नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले चाडपर्वहरूले आपसी एकता, सद्भाव र सामाजिक सहअस्तित्वलाई सुदृढ बनाउने बताउनुभएको छ।

तामाङ समुदायले मनाउने सोनाम ल्होसारका अवसरमा सोमबार एक शुभकामना सन्देश जारी गर्दै उहाँले प्रत्येक जातजाति तथा धर्मावलम्बीका आ-आफ्नै मौलिक सांस्कृतिक चाडपर्वहरूको संरक्षण गर्नुपर्ने बताउनुभयो।


उहाँले नेपालीहरूले आफ्नै मौलिक पहिचानसहित मनाउने पर्वले आपसी एकता, सहकार्य, मित्रता र सहिष्णुतालाई अझ मजबुत बनाउन प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो।



सहसंयोजक नेपालले मुलुकको भौगोलिक, धार्मिक, सांस्कृतिक, जातीय तथा भाषिक विविधतालाई एकापसमा गाँसेर सामाजिक सद्भाव, राष्ट्रिय एकता र साझा नेपाली पहिचान निर्माण गर्न पर्वहरूको महत्त्वपूर्ण योगदान रहेको विचार व्यक्त गर्नुभयो ।यसैबीच पूर्वप्रधानमन्त्री झलनाथ खनालले ल्होसारका अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि तथा प्रगतिको कामना गर्दै नेपाल एक बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक भएकाले सबै समुदायका मौलिक चाडपर्व तथा संस्कृतिको संरक्षण गर्नुपर्ने उल्लेख गर्नुभयो।

उहाँले विदेशी हस्तक्षेप र तोडफोडले देश थिलथिलो बनेको अवस्थामा देशका सबै जातजातिका जनता एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो । नेता खनालले मुलुकलाई सामाजिक न्याय र समानतासहितको समुन्नत समाजवाद निर्माणको बाटोमा दृढतापूर्वक हिँड्नुपर्ने उल्लेख गर्नुभयो ।रासस

# भू-राजनीतिक सन्तुलनको आवश्यकताले गोरखाबाट मेरो उम्मेदवारीः डा भट्टराई



गोरखा । पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले व्यक्तिगत महत्वाकाङ्क्षाभन्दा पनि राष्ट्रिय स्वाधीनता र भू-राजनीतिक सन्तुलनको आवश्यकताले आफूले गोरखा क्षेत्र नं २ बाट उम्मेदवारी दिन लागेको बताउनुभएको छ।

गोरखा सदरमुकाममा सोमबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा पूर्वप्रधानमन्त्री डा भट्टराईले यसअघि चुनाव नलड्ने घोषणा गरेको भए पनि पछिलो राजनीति परिस्थिति र गोरखाका जनताको अनुरोधलाई स्वीकार गरेर आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवारी दिन लागेको बताउनुभयो।

"प्रतिनिधिसभा राज्यको जनप्रतिनिधिको सर्वोच्च थलो भएकाले त्यहाँ रहेर नै राष्ट्रिय स्वाधीनता, सर्वभौमसत्ता र सुरक्षा नीतिसम्बन्धी महत्वपूर्ण निर्णय गर्नुपर्छ," उहाँले भन्नुभयो, "भू-राजनैतिक सन्तुलन मिलाएर देशलाई स्वाधीनताको मजबुत दिशातर्फ लैजान प्रतिनिधिसभामा सक्रिय भूमिका खेल्नुपर्छ भन्ने लागेर उम्मेदवारी दिन लागेको हुँ।"


संसद् बाहिरबाट भन्दा संसद्भित्र बसेर राष्ट्रहितका एजेन्डा प्रभावकारी रूपमा अघि बढाउन सकिने डा भट्टराईको भनाइ थियो। लामो छलफलपछि उहाँले प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) बाट गोरखा-२ मा उम्मेदवारी दिने निर्णय गर्नुभएको हो ।रासस

# पर्वले सद्भाव र भाइचाराको सन्देश प्रवाह गर्दै आएका छन्: कावा सभापति खड्का

काठमाण्डु । शेरबहादुर देउवा नेतृत्वको नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पर्वले आपना धर्म, संस्कृति, रीतिरिवाज र परम्पराको संरक्षण तथा प्रवर्द्धनमा सबैलाई प्रेरित गर्दै आएको उल्लेख गर्नुभएको छ।

तामाङ जातिको पर्व 'सोनाम ल्होसार' अर्थात् नयाँ वर्षका अवसरमा शुभकामना व्यक्त गर्दै कावा सभापति खड्काले पर्वले सामाजिक सद्भावलाई समेत थप सुदृढ बनाउँदै आएको बताउनुभएको छ।

विविधताले भरिएको हाम्रो समाजमा गर्व गर्न लायक धार्मिक सांस्कृतिक र ऐतिहासिक रीतिरिवाज तथा परम्परा रहेका र तीमध्ये सोनाम ल्होसारले तामाङ समुदायको सामाजिक जीवनमा गहिरो छाप छोड्दै विशिष्ट पहिचान स्थापित गरेको उहाँको भनाइ छ।



कावा सभापति खड्काले प्रकृतिप्रेमीका रुपमा परिचित तामाङ समुदायले यस पर्वका अवसरमा कुलपुजा तथा प्रकृतिको आराधना गर्दै आपसी सद्भाव, सहिष्णुता र भाइचाराको सन्देश प्रवाह गर्दै आएका उल्लेख गर्नुभएको छ । उहाँले यो पर्वले मुलुकमा शान्ति, सद्भाव र समृद्धि ल्याउन सबैलाई प्रेरणा दिने विश्वासका साथ सबैमा शुभकामना व्यक्त गर्नुभएको छ ।रासस

# निर्वाचनसम्बन्धी जानकारी लिन चाहनेका लागि 'कल सेन्टर' शुभारम्भ

काठमाण्डु । मतदाताका निर्वाचनसम्बन्धी जिज्ञासाको निःशुल्क जानकारी दिने उद्देश्यले सोमबारदेखि निर्वाचन आयोगले 'कल सेन्टर' शुभारम्भ गरेको छ।



निर्वाचनसम्बन्धी केही जिज्ञासा भएमा 'टोल फ्री नम्बर ११०२' मा सम्पर्क गरी सोध्न सकिने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले राससलाई जानकारी दिनुभयो । 'कल सेन्टर' मा छवटा डेस्क स्थापना गरिएको छ। ती डेस्कबाट एकसाथ मतदाताको जिज्ञासाको समाधान गरिने उहाँले सुनाउनुभयो। कामको चापअनुसार डेस्क बढाउन पनि सकिने जनाइएको छ।

'कल सेन्टर' मा गण्डकी प्रदेशबाट फोन गरेका पहिलो व्यक्तिले यसअघि प्रकाशित भइसकेको लोकसेवा आयोगको परीक्षा निर्वाचन आचारसंहिताका कारण प्रभावित हुन्छ कि हुन्न भनी प्रश्न गरेका थिए। 'कल सेन्टर' का अधिकारीहरूले यसअघि नै तय भइसकेको परीक्षा निर्वाचन आचारसंहिताका कारण प्रभावित नहुने जवाफ दिएका थिए।

बिहान ९ देखि ६ बजेसम्म 'कल सेन्टर' सञ्चालन हुने आयोगले जनाएको छ। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी कुनै जानकारी चाहिएमा वा जिज्ञासा राख्न चाहेमा सोमबारदेखि उम्मेदवार विजयी भएर प्रमाणपत्र नदिँदासम्म सञ्चालनमा आउने छ।रासस

# चीनको जनसङ्ख्या लगातार चौथो वर्ष घट्यो

एपी

बैङ्कक । दशकौँसम्म लागू गरिएको एक-बच्चा नीतिपछि थप सन्तान जन्माउन जनतालाई कसरी विश्वस्त पार्ने ? चीनले यही चुनौती सामना गरिरहेको छ । एक-बच्चा नीति अन्त्य भएको करिब एक दशक बितिसक्दा पनि जन्मदर बढ्न नसकेपछि चीनको कुल जनसङ्ख्या पुनः घटेको सरकारी तथ्याङ्कले देखाएको छ । सोमबार सार्वजनिक गरिएको तथ्याङ्कअनुसार विश्वको दोस्रो सबैभन्दा बढी जनसङ्ख्या भएको चीनमा जनसङ्ख्या लगातार चौथो वर्ष घटेको छ । सन् २०२५ मा चीनको कुल जनसङ्ख्या एक अर्ब ४० करोड ४० लाख पुगेको छ । यो आँकडा अघिल्लो वर्षको तुलनामा करिब ३० लाखले कम हो ।

यो तथ्याङ्कले चीनले भोगिरहेको गहिरो जनसाङ्ख्यकीय दबाब स्पष्ट पार्छ । सन् २०२५ मा जम्मा ७९ लाख २० हजार शिशु जन्मिएका छन्, जुन अघिल्लो वर्षको तुलनामा १६ लाख २० हजार अर्थात् करिब १७ प्रतिशतले कम हो । सन् २०२४ मा जन्मदर केही बढेजस्तो देखिए पनि त्यो दीर्घकालीन प्रवृत्ति नभएको यसले सङ्केत गर्छ । सन् २०२३ सम्म लगातार सात वर्ष जन्मदर घटेको थियो । धेरै परिवारले अत्यधिक प्रतिस्पर्धी सामाजिक संरचनामा बालबालिका हुर्काउने उच्च लागत र मानसिक दबाबलाई मुख्य अवरोधका रूपमा उल्लेख गर्दै आएका छन् । यसमा पछिल्लो समयको आर्थिक मन्दीले थप बोझ थपेको छ, जसले धेरै परिवारलाई दैनिकी चलाउनै कठिन बनाएको छ ।

एसियाका अन्य मुलुकझैँ चीन पनि तीव्र रूपमा घट्दो प्रजनन दरको समस्यामा फसेको छ । सरकारले नियमित रूपमा प्रजनन दर सार्वजनिक नगरे पनि सन् २०२० मा यो १.३ रहेको थियो । विज्ञहरूको अनुमानमा हाल यो करिब एकको आसपास झरेको छ, जुन जनसङ्ख्या स्थिर राख्न आवश्यक २.१ को स्तरभन्दा निकै तल हो ।दशकौँसम्म एकभन्दा बढी सन्तान जन्माउन प्रतिबन्ध लगाएको चीनले सन् २०१५ मा नीति संशोधन गर्दै दुई बच्चाको अनुमति दिएको थियो । जनसाङ्ख्यकीय दबाब अझ गहिरिँदै गएपछि सन् २०२१ मा यसलाई तीन बच्चासम्म विस्तार गरियो । तर यी नीतिगत परिवर्तनहरूले अपेक्षित परिणाम दिन सकेका छैनन् ।

सरकारले थप सन्तान जन्माउन प्रोत्साहनस्वरूप विभिन्न उपायहरू अघि सारेको छ । गत जुलाईमा सरकारले प्रति बच्चा तीन हजार ६०० युआन (करिब ५०० अमेरिकी डलर) नगद अनुदान दिने घोषणा गरेको थियो ।

यससँगै, व्यवहार परिवर्तन गर्न प्रोत्साहन र निरुत्साह दुवै उपाय अपनाइएका छन् । सन् २०२५ देखि गर्भनिरोधक साधन, कन्डमसहित, मूल्यवर्धित कर छुट सूचीबाट हटाइएका छन्, जसका कारण जनवरी १ देखि कन्डममा १३ प्रतिशत कर लाग्न थालेको छ ।

# स्पेनमा उच्चगति रेल दुर्घटना, २१ जनाको मृत्यु

एपी

अदामुज । दक्षिणी स्पेनमा आइतबार साँझ एउटा उच्चगतिको रेल पटरीबाट खस्दै विपरीत दिशाबाट आइरहेको अर्को उच्चगतिको रेलसँग ठोक्किँदा कम्तीमा २१ जनाको ज्यान गएको छ भने दर्जनौँ यात्रु घाइते भएका छन् । स्पेनका यातायातमन्त्री ओस्कार पुएन्टेले उद्धार कार्य सम्पन्न भइसकेको र मृतक सङ्ख्या मध्यरातपछि २१ पुगेको जानकारी दिनुभएको छ । यद्यपि अझै पुष्टि हुन बाँकी पीडित हुनसक्ने सम्भावना रहेको उहाँले बताउनुभयो ।

रेल अपरेटर आदिफका अनुसार करिब ३०० यात्रु बोकेको रेल साँझ ७:४५ बजे मालागाबाट म्याड्रिडतर्फ जाँदै गर्दा कोर्डोबा नजिकै अचानक पटरीबाट हटेको थियो । सो रेलको पछाडिको भाग उफ्रेर विपरीत दिशाबाट म्याड्रिडदेखि दक्षिणी सहर हुवेल्भातर्फ आइरहेको करिब २०० यात्रु बोकेको अर्को उच्चगतिको रेलसँग ठोक्किएको थियो ।



अन्डालुसिया क्षेत्रीय राष्ट्रपति जुआन म्यानुएल मोरेनोले ७५ यात्रुलाई अस्पताल भर्ना गरिएको जानकारी दिनुभयो । तीमध्ये धेरैलाई कोर्डोबा लगिएको छ र कम्तीमा १५ जना गम्भीर घाइते छन् । स्पेनिस रेड क्रसले दुर्घटनास्थल नजिकैको आदामुज सहरमा सहायता केन्द्र स्थापना गरी आपतकालीन सेवाहरू र आफन्तको खोजीमा रहेका मानिसहरूलाई सहयोग गरिरहेको छ । सिभिल गार्ड, सिभिल डिफेन्स तथा अन्य उद्धार टोलीहरू चिसो र स्पष्ट रातभर भग्नावशेष हटाउने कार्यमा खटिएका छन् । घटनास्थलमा आपतकालीन सेवाबाहेक अरूलाई प्रवेश निषेध गरिएको थियो ।

क्षेत्रीय स्वास्थ्य प्रमुख एन्टोनियो सान्जले 'हाम्रो अगाडि निकै कठिन रात छ' भन्दै उद्धारकर्मीहरूले रातभर शव निकाल्ने कार्य जारी राख्ने बताउनुभयो ।

यातायातमन्त्री पुएन्टेले दुर्घटनाको कारण तत्काल पत्ता नलागेको र यसलाई 'साँच्चै अनौठो' घटना बताउनुभयो । उहाँका अनुसार दुर्घटना मे महिनामै मर्मत गरिएको ट्र्याकको समतल भागमा भएको थियो । पटरीबाट खसेको रेल चार वर्षभन्दा कम पुरानो रहेको र निजी कम्पनी इरिओको भएको उहाँले जानकारी दिनुभयो । ठोक्किएको दोस्रो रेल भने सार्वजनिक रेल कम्पनी रेन्फेको थियो । इरिओले विज्ञप्ति जारी गर्दै घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै अधिकारीहरूसँग सहकार्य गरिरहेको जनाएको छ ।

पुएन्टेका अनुसार पहिलो रेलको पछाडिको भाग उफ्रेर दोस्रो रेलको अगाडिको भागमा ठोक्किएको थियो, जसका कारण रेन्फे रेलका पहिलो दुई डब्बा ट्र्याकबाट करिब चार मिटर तल ढलानतर्फ खसेका थिए । सबैभन्दा ठूलो क्षति रेन्फे रेलको अगाडिको भागमा भएको बताइएको छ । दुर्घटनाको कारणबारे अनुसन्धानमा करिब एक महिना लाग्नसक्ने उहाँले बताउनुभयो ।

दुर्घटनामा परेको एउटा रेलमा सवार स्पेनिस प्रसारक आरटिभीईका पत्रकार साल्भाडोर जिमेनेजले 'एक क्षण भूकम्प जस्तो महसुस भयो र रेल साँच्चै पटरीबाट खस्यो' भनेर अनुभव सुनाउनुभयो । उहाँका अनुसार यात्रुहरूले आपतकालीन हथौडा प्रयोग गरी झ्याल तोडेका थिए र धेरैले आफूलाई बाहिर निकाल्न सफल भएका थिए । घटनास्थलका भिडियोहरूमा मानिसहरू झुकेका डब्बाबाट झ्याल हुँदै बाहिर निस्किरहेको दृश्य देखिन्छ । दुर्घटना साँझको समयमा आदामुज गाउँ नजिकै भएको र अन्धकारमै सयौँ यात्रुको उद्धार गर्नुपरेको थियो । कोर्डोबाका फायर फाइटर प्रमुख फ्रान्सिस्को कार्मोनाले कम्तीमा चारवटा डब्बा रेलबाट टाढा खसेको जानकारी दिनुभयो । क्षेत्रीय नागरिक सुरक्षा प्रमुख मारिया बेलेन मोया रोजासले दुर्घटनास्थल पुग्न गाह्रो क्षेत्रमा रहेको र स्थानीय बासिन्दाहरूले कम्बल तथा पानी लिएर सहयोग गरेको बताउनुभयो । स्पेनको सैन्य आपतकालीन राहत एकाइहरू पनि उद्धारमा खटिएका थिए ।

स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले सामाजिक सञ्जालमार्फत 'आज रात हाम्रो देशका लागि गहिरो दुःखको रात हो' भन्दै मृतकका परिवारप्रति समवेदना प्रकट गर्नुभएको छ । राजा फेलिप छैटौँ र रानी लेटिजियाले पनि शोक सन्देश दिनुभएको छ ।

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले कोर्डोबाबाट आएको ' भयानक समाचार' ले आफूलाई स्तब्ध बनाएको बताउँदै स्पेनप्रति ऐक्यबद्धता व्यक्त गर्नुभएको छ ।

युरोपेली सङ्घ (इयु) का अनुसार स्पेनसँग तीन हजार १०० किलोमिटर लामो उच्चगति रेल सञ्जाल छ, जुन युरोपमै सबैभन्दा ठूलो हो । सन् २०२४ मा मात्रै दुई करोड ५० लाखभन्दा बढी यात्रुले उच्चगति रेल प्रयोग गरेको रेन्फेले जनाएको छ । दुर्घटनापछि म्याड्रिड र अन्डालुसियाबीचको रेल सेवा सोमबार स्थगित गरिएको आदिफले जनाएको छ । यस शताब्दीको सबैभन्दा घातक रेल दुर्घटना भने सन् २०१३ मा भएको थियो, जसमा ८० जनाको मृत्यु भएको थियो ।

# पोर्चुगलको राष्ट्रपति चुनावमा कट्टर-दक्षिणपन्थी लोकप्रियतावादी रनअफमा



एपी

लिस्बन । कट्टर-दक्षिणपन्थी लोकप्रियतावादी दलका नेता आन्द्रे भेन्टुराले आइतबार सम्पन्न पोर्चुगलको राष्ट्रपति चुनावको पहिलो चरणमा आश्चर्यजनक रूपमा दोस्रो स्थान हासिल गर्दै आगामी फेब्रुअरीमा हुने दुईतर्फी रनअफमा स्थान बनाउनुभएको छ । उहाँले केन्द्र-वामपन्थी उम्मेद्वार एन्टोनियो जोसे सेगुरोसँग प्रतिस्पर्धा गर्नुहुनेछ, जसलाई युरोपभर बढ्दै गएको अति-दक्षिणपन्थी राजनीतिक प्रवृत्तिको अर्को महत्त् वपूर्ण सफलता मानिएको छ ।

झण्डै ९८ प्रतिशत मतगणना सकिँदा चेगा (इनफ) पार्टीका नेता भेन्टुराले करिब २४ प्रतिशत मत प्राप्त गर्नुभयो भने समाजवादी उम्मेद्वार सेगुरोले करिब ३१ प्रतिशत मतसहित अग्रता कायम गर्नुभयो । अब फेब्रुअरी ८ मा शीर्ष दुई उम्मेद्वारबीच दोस्रो चरणको मतदान हुनेछ । पहिलो चरणमा नौ जना उम्मेद्वार प्रतिस्पर्धामा रहे पनि कसैले पनि प्रत्यक्ष जितका लागि आवश्यक ५० प्रतिशत मत हासिल गर्न सकेनन् । भेन्टुराको बलियो उपस्थितिलाई युरोपमा अति-दक्षिणतर्फको राजनीतिक झुकावको अर्को कोसेढुङ्गाका रूपमा हेरिएको छ । चेगा पार्टी स्थापना भएको करिब छ वर्षमै गत वर्ष संसद्को दोस्रो ठूलो दल बनेको थियो । फ्रान्स, जर्मनी, इटाली र छिमेकी स्पेनमा उदीयमान राष्ट्रवादी दलहरूको सफलताबाट भेन्टुरा र उहाँका समर्थकहरू उत्साहित देखिन्छन् ।

उहाँको चुनावी एजेन्डाको केन्द्रमा आप्रवासन छ । भेन्टुराले यसलाई 'अत्यधिक आप्रवासन' को संज्ञा दिँदै 'पोर्चुगल हाम्रो हो' भन्ने नारासहित कडा अभिव्यक्ति दिनुभएको छ । अभियानका क्रममा उहाँले 'यो बङ्गलादेश होइन' र 'आप्रवासीहरूलाई कल्याणमा बाँच्न दिनुहुँदैन' भन्ने सन्देश भएका विज्ञापनहरू प्रयोग गर्नुभएको थियो । केही वर्षअघि पोर्चुगलमा यस्ता खुलेर आप्रवासी विरोधी भनाइ अकल्पनीय मानिन्थे ।

उहाँको उदयले विगत पाँच दशकदेखि सत्तामा आएका दुई मुख्य दल–हाल सत्तारूढ केन्द्र-दक्षिणपन्थी सोसल डेमोक्रेटिक पार्टी र केन्द्र-वाम समाजवादी पार्टी–को परम्परागत समर्थन कटौती गरेको छ । यसपटकको चुनावमा उम्मेद्वारमध्ये एक जना मात्र महिला हुनुहुन्थ्यो र पोर्चुगलले अहिलेसम्म महिला वा गैर-श्वेत राष्ट्रप्रमुख पाएको छैन ।

आगामी राष्ट्रपतिका लागि देशको राजनीतिक स्थिरता ठूलो चुनौती हुनेछ । गत मे महिनामा पोर्चुगलले तीन वर्षभित्र तेस्रो आम चुनाव सम्पन्न गरेको थियो, जुन दशकौँकै सबैभन्दा अस्थिर राजनीतिक अवस्थामध्ये एक मानिन्छ । यद्यपि भेन्टुराले आप्रवासनलाई मुख्य मुद्दा बनाउन खोज्नुभएको भए पनि धेरै मतदाताहरू आवास सङ्कट र जीवनयापनको बढ्दो लागतप्रति बढी चिन्तित देखिन्छन् ।

यसबीच, संसद्ले सन् २०२२ मा अनुमोदन गरे पनि संवैधानिक आपत्तिका कारण स्थगित भएको इच्छामृत्यु तथा चिकित्सकको सहयोगमा आत्महत्यासम्बन्धी कानून पनि नयाँ राष्ट्रपतिका लागि महत्त्वपूर्ण विषय बन्न सक्नेछ ।

पोर्चुगलमा राष्ट्रपति प्रायः औपचारिक भूमिकामा रहनुहुन्छ । उहाँको मुख्य जिम्मेवारी राजनीतिक द्वन्द्वभन्दा माथि रहँदै मध्यस्थता गर्नु र तनाव कम गर्नु हो । तथापि, राष्ट्रपतिसँग संसद्बाट पारित कानूनमा भिटो लगाउने अधिकार छ, यद्यपि संसद्ले त्यसलाई उल्ट्याउन सक्छ ।

साथै संसद् विघटन गरी चाँडो चुनाव आह्वान गर्ने अधिकार–जसलाई यहाँको राजनीतिक भाषामा 'आणविक बम' भनिन्छ–समेत राष्ट्रपतिसँग सुरक्षित छ ।

युरोपेली सङ्घ (इयु) को समग्र दिशामा पोर्चुगलको राष्ट्रपतिको निर्णयले सीमित प्रभाव पार्ने मानिन्छ, किनकि यो देश इयुका साना अर्थतन्त्रहरूमध्ये एक हो र यसको सशस्त्र बल पनि मध्यम आकारका छन् । अब फेब्रुअरी ८ मा हुने रनअफले लिस्बनस्थित राष्ट्रपतिको नदी किनारको 'गुलाबी दरबार' मा आगामी पाँच वर्षका लागि को बस्ने भन्ने अन्तिम निर्णय गर्नेछ ।

# ग्रिनल्यान्ड विवादमा ट्रम्पको कर धम्कीपछि युरोपको कडा चेतावनी

एपी

बर्लिन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रिनल्यान्डमा अमेरिकी नियन्त्रणको विरोध गरेकामा आठ युरोपेली देशलाई १० प्रतिशत कर लगाउने धम्की दिएपछि युरोपले त्यसको कडा आलोचना गर्दै यसले ट्रान्सअटलान्टिक सम्बन्धलाई कमजोर पार्ने र 'खतरनाक गिरावट' तर्फ धकेल्ने चेतावनी दिएको छ ।

डेनमार्क, नर्वे, स्विडेन, फ्रान्स, जर्मनी, बेलायत, नेदरल्यान्ड्स र फिनल्यान्डले आइतबार जारी गरेको संयुक्त वक्तव्यमा ट्रम्पको कदम सार्वभौमिकता र सुरक्षासम्बन्धी हालको तनावलाई झन् गहिरो बनाउने खतरनाक सङ्केत भएको बताएका छन् । ह्वाइट हाउस फर्किएको करिब एक वर्षपछि युरोपेली सहयोगीहरूले ट्रम्पलाई दिएको यो अहिलेसम्मकै सबैभन्दा कडा सामूहिक प्रतिक्रिया हो ।

पछिल्ला महिनाहरूमा युक्रेन युद्ध अन्त्यको प्रयासमा अमेरिकी समर्थन सुनिश्चित गर्न युरोपेली मुलुकहरू ट्रम्पप्रति कूटनीतिक रूपमा संयमित देखिँदै आएका थिए । तर आइतबारको वक्तव्य र ग्रिनल्यान्डमा डेनमार्कको सैन्य अभ्यासका लागि केही युरोपेली देशले सेना पठाएको कदमले त्यो रणनीतिबाट युरोप एक कदम पछाडि हटेको सङ्केत दिएको छ ।



संयुक्त वक्तव्यमा 'आर्कटिक एन्ड्योरेन्स' नामक अभ्यासका लागि ग्रिनल्यान्ड पठाइएका सेना कसैका लागि पनि खतरा नभएको स्पष्ट गरिएको छ । डेनमार्कका विदेशमन्त्री लार्स लोक्के रासमुसेनले ओस्लोमा पत्रकारहरूलाई अमेरिकी पक्षसँग वार्ता सुरु भइसकेको र त्यसलाई निरन्तरता दिइने बताउनुभयो।नर्वेका विदेशमन्त्री एस्पेन बार्थ आइडेले पनि नजिकका सहयोगीबीच यस्ता कर धम्की अस्वीकार्य भएको स्पष्ट पार्नुभयो ।

लक्षित आठ देशमध्ये छ वटा २७ सदस्यीय युरोपेली सङ्घ (इयु) का सदस्य हुन् । आइतबार आपतकालीन छलफलपछि इयु काउन्सिलका अध्यक्ष एन्टोनियो कोस्टाले करले ट्रान्सअटलान्टिक सम्बन्ध कमजोर पार्ने र इयु-अमेरिका व्यापार सम्झौतासँग असङ्गत हुने बताएका छन् । उहाँले इयु कुनै पनि प्रकारको जबरजस्तीविरुद्ध आफूलाई जोगाउन तयार रहेको र यसै साता शिखर सम्मेलन बोलाइने जानकारी दिनुभयो ।

शनिबार ट्रम्पले करलाई डेनमार्कको अर्ध-स्वायत्त क्षेत्र ग्रिनल्यान्डबारे वार्तामा दबाबको साधनका रूपमा प्रयोग गर्न सक्ने सङ्केत दिएका थिए । आइतबार राति उहाँले सामाजिक सञ्जालमा पोस्ट गर्दै नाटोले डेनमार्कलाई ग्रिनल्यान्डमा रुसी खतराबारे वर्षौंदेखि चेतावनी दिँदै आएको दाबी गर्नुभयो र अब कारबाहीको समय आएको उल्लेख गर्नुभयो ।

युरोपेली नेताहरूले डेनमार्क र ग्रिनल्यान्डसँग पूर्ण एकता व्यक्त गर्दै सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सिद्धान्तमा आधारित संवादका लागि तयार रहेको बताएका छन् । इयुको विदेश नीति प्रमुख काजा कल्लासले अमेरिका र युरोपबीचको विभाजनबाट चीन र रुसले फाइदा उठाउने चेतावनी दिँदै ग्रिनल्यान्डको सुरक्षा विषय नाटोभित्रै सम्बोधन गर्न सकिने बताउनुभयो ।

विश्लेषकहरूका अनुसार ट्रम्पको धम्की अभूतपूर्व छ किनकि कर प्रायः सहयोगीहरूबीचको क्षेत्रीय विषयसँग नभई व्यापारिक विवादसँग जोडिन्छ । डेनिस इन्स्टिच्युट फर इन्टरनेसनल स्टडिजका वरिष्ठ अनुसन्धानकर्ता रासमस सन्डरगार्डले यसलाई ' पर्याप्त नै पर्याप्त भयो' भन्ने युरोपेली प्रतिक्रियाको कारण भनेका छन् ।

नाटोका महासचिव मार्क रुटेले ट्रम्पसँग कुरा भएको र यस विषयमा काम जारी रहने बताउँदै यस हप्ता डाभोसमा भेट्ने अपेक्षा व्यक्त गर्नुभएको छ । बेलायती प्रधानमन्त्री किर स्टार्मरले पनि ट्रम्पसँग कुरा गर्दै नाटो सहयोगीहरूमा शुल्क लगाउनु गलत भएको धारणा राख्नुभएको छ ।ट्रम्पको कदमको आलोचना अमेरिकाभित्रै पनि भएको छ । एरिजोनाका डेमोक्रेट सिनेटर मार्क केलीले यसले अमेरिकीहरूलाई अनावश्यक मूल्य चुकाउन बाध्य बनाउने बताउनुभएको छ । पूर्वउपराष्ट्रपति माइक पेन्सले ग्रिनल्यान्डमा अमेरिकी स्वामित्वको विचारप्रति सहानुभूति जनाए पनि ट्रम्पले अपनाएको तरिका र नाटो सहयोगीहरूसँगको सम्बन्धमा पर्ने असरप्रति गम्भीर चिन्ता व्यक्त गर्नुभएको छ ।

युरोपमा ट्रम्पका केही लोकप्रियतावादी सहयोगीहरूले पनि कर धम्कीको आलोचना गरेका छन् । इटालीकी प्रधानमन्त्री जोर्जिया मेलोनीले यसलाई ' गल्ती' भन्नुभएको छ भने फ्रान्सको अति-दक्षिणपन्थी नेसनल र्‍याली पार्टीका नेता जोर्डन बार्डेलाले यसलाई 'व्यावसायिक ब्ल्याकमेल' को संज्ञा दिनुभएको छ ।

# इरानको सरकारी टिभी ह्याक, निर्वासित युवराजको सन्देश प्रसारण

एपी

दुबई । ह्याकरहरूले इरानको सरकारी टेलिभिजनको स्याटेलाइट प्रसारण अवरुद्ध गर्दै देशका निर्वासित युवराज रेजा पहलवीलाई समर्थन गर्ने तथा सुरक्षा फौजलाई ' जनतामाथि हतियार नउठाउन' आग्रह गर्ने सन्देश प्रसारण गरेका छन् । सोमबार बिहान अनलाइनमा देखिएको यो अवरोध राष्ट्रव्यापी विरोध प्रदर्शनपछि भएको पछिल्लो ठूलो साइबर आक्रमण हो ।

कार्यकर्ताहरूका अनुसार प्रदर्शन दबाउन सुरक्षा निकायले गरेको कारबाहीमा हालसम्म कम्तीमा तीन हजार ९१९ जनाको मृत्यु भइसकेको छ । सरकारले इन्टरनेट बन्द गरे पनि देशभित्रबाट सूचना बाहिर आइरहेकाले मृतकको सङ्ख्या अझ बढ्न सक्ने चिन्ता व्यक्त गरिएको छ ।

यसैबीच, शान्तिपूर्ण प्रदर्शनकारीको हत्या र प्रदर्शनको बहानामा सामूहिक मृत्युदण्ड लागू गर्नु अस्वीकार्य भएको भन्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुईवटा ननाघ्नुपर्ने सीमा (लक्ष्मण रेखा) तोकेपछि अमेरिका-इरानबीचको तनाव थप चर्किएको छ । केही दिनअघि दक्षिण चीन सागरमा रहेको एक अमेरिकी विमान वाहक सिङ्गापुरको मलक्का जलडमरूमध्य प्रवेश गरेको छ, जसले त्यसलाई मध्यपूर्वतर्फ लैजान सक्ने मार्गमा राखेको देखिन्छ ।

आइतबार राति इरानको सरकारी प्रसारक इस्लामिक रिपब्लिक अफ इरान ब्रोडकास्टिङ (आइआरआइबी) का स्याटेलाइट च्यानलहरूमा अचानक ह्याक गरिएको फुटेज देखिएको थियो । भिडियोमा युवराज पहलवीका दुई क्लिप प्रसारण भए, जसपछि सुरक्षा फौज र प्रहरीको वर्दीमा देखिएका व्यक्तिहरू 'हतियार राखेर जनताप्रति निष्ठा जनाएको' दाबी गरियो । एक ग्राफिकमा 'यो सेना र सुरक्षा बलहरूका लागि सन्देश हो, आफ्ना हतियारहरू जनतामाथि नउठाउनुहोस्' भन्ने आह्वान गरिएको थियो ।

रिभोलुसनरी गार्डसँग नजिक मानिने फार्स समाचार एजेन्सीले आइआरआइबीको वक्तव्य उद्धृत गर्दै 'देशका केही



क्षेत्रहरूमा अज्ञात स्रोतबाट क्षणिक अवरोध' भएको स्वीकार गरेको छ तर के प्रसारण भयो भन्नेबारे स्पष्ट गरिएको छैन । युवराज पहलवीको कार्यालयले अवरोध भएको स्वीकार गरे पनि ह्याकसम्बन्धी प्रश्नमा प्रतिक्रिया दिएको छैन ।

ह्याक गरिएको प्रसारणमा युवराज पहलवीले सुरक्षा फौजलाई सम्बोधन गर्दै 'तपाईंहरू इरानको राष्ट्रिय सेना हुनुहुन्छ, इस्लामिक गणतन्त्रको होइन' भन्दै सकेसम्म चाँडो जनतामा सामेल हुन आग्रह गर्नुभएको थियो । इन्टरनेट बन्दका कारण विदेशमा रहेका इरानीहरूले स्टारलिङ्कजस्ता माध्यम प्रयोग गरी सामाजिक सञ्जालमा फुटेज साझा गरेको देखिन्छ ।

इरानमा प्रसारण अवरुद्ध हुने यो पहिलो घटना होइन । सन् १९८६ मा सिआइएले पहलवीका समर्थकलाई सानो ट्रान्समिटर उपलब्ध गराई छोटो समयका लागि सरकारी च्यानल ह्याक गराएको वासिङ्टन पोस्टले उल्लेख गरेको थियो । सन् २०२२ मा पनि विपक्षी समूह र सर्वोच्च नेता अयातुल्ला अली खामेनीविरुद्धका सन्देशहरू प्रसारण भएका थिए ।

यसैबीच, जहाज ट्र्याकिङ डाटाले युएसएस अब्राहम लिङ्कन विमान वाहक र त्यससँगै रहेका अमेरिकी युद्धपोतहरू मलक्का जलडमरूमध्य हुँदै अघि बढेको देखाएको छ । यद्यपि ती जहाजहरू मध्यपूर्व पुग्न अझै केही दिन लाग्ने अनुमान गरिएको छ ।

मानव अधिकार समूहहरूका अनुसार हालको दमन दशकौँयताकै सबैभन्दा घातक भएको छ । अमेरिका-आधारित एक मानव अधिकार समाचार एजेन्सीले मृत्यु सङ्ख्या तीन हजार ९१९ पुगेको बताएको छ, यद्यपि एपीले यसलाई स्वतन्त्र रूपमा पुष्टि गर्न सकेको छैन । इरानी अधिकारीहरूले आधिकारिक तथ्याङ्क नदिए पनि सर्वोच्च नेता खामेनीले शनिबार 'धेरै हजार' मानिस मारिएको दाबी गर्दै त्यसको दोष संयुक्त राज्य अमेरिकालाई दिनुभएको थियो ।

# हिमपात नहुँदा मुस्ताङका किसान चिन्तित



मुस्ताङ । पछिल्लो तीन वर्षयता हिमाली मुस्ताङमा हिमपात हुनसकेन । गत कात्तिक महिनामा यहाँको माथिल्लो मुस्ताङ क्षेत्रसहित वारागुङ मुक्तिक्षेत्र–१ मुक्तिनाथ र (मुस्ताङ–डोल्पा) सडकको साङ्ता गाउँ आसपासका क्षेत्रमा आशिंक मात्रै हिमपात भयो । तत्कालीन समयमा बेमौसममा परेको आशिंक हिमपातले त्यसक्षेत्रका किसानलाई योगदान दिन सकेन ।

हिउँदयामको मौसममा परेको हिउँ किसानका लागि बरदान सावित हुन्छ । अनुकूल समयमा हिउँ पर्‍यो भने अन्नबाली सप्रिने र उत्पादनसमेत वृद्धि हुने भए पनि यसवर्ष पनि पुस महिना कटिसक्दासमेत हिउँ पर्न सकेको छैन । अक्सर हिमाली क्षेत्रमा बर्सेनि पुस र माघ महिना हिउँ पर्छ भन्ने मान्यता रहेको छ । तर, पछिल्लो समय जलवायु परिवर्तनको प्रभावका कारण हिमाली क्षेत्रमा अनुकूल समयमा पनि हिउँ पर्न नसकेको घरपझोङ गाउँपालिकाका कृषि शाखा अधिकृत रोशन थकाली बताउँनुहुन्छ ।

यहाँका अधिकांश खेतीयोग्य जमिन तथा स्याउ बगैंचामा सिँचाइको पहुँच स्थापित भए पनि कृषि उर्वराशक्ति वृद्धिका लागि हिउँदयाममा हिउँ पर्न आवश्यक रहेको कृषि शाखा प्रमुख थकालीको भनाइ छ । हिउँदयामको जाडो मौसमको अनुकूल समयामा हिउँ परेमा खेतीयोग्य जमिनको भित्रि तहसम्म चिस्यान भरिएर पूर्णरुपमा रिचार्ज हुने र यसले स्याउ ,उवा, फापर, जौ, मकै लगायतका अन्नबालीको गुणस्तर र उत्पादनमा सहयोग पुग्ने कृषि शाखा प्रमुख थकालीले उल्लेख गर्नुभयो ।

'हिउँदयामको अनुकूल महिनामा हिउँ परेन भने किसानले लगाएको स्याउ लगायतका अन्नबालीमा रोककीराको सङ्क्रमण बढ्ने, जमिनको तापमान वृद्धिले खेतीयोग्य जमिनलाई आवश्यक पर्ने तत्व प्राप्त नहुने हुन्छ, कृषि शाखा प्रमुख थकालीले भन्नुभयो, "हिउँदयामको हिउँ कृषि उत्पादनका लागि प्राकृतिक रोग प्रतिरोधात्मक अर्गानिक विषादीको रुपमा काम गर्छ, यसले किसानका लागि मलको रुपमा कामसमेत काम गर्ने भएकाले स्याउ लगायतका अन्नबाली सप्रिन्छ ।"

हिमाली जिल्लामा बर्सेनि भर्दा र असोज महिनामा स्याउ खेतीको 'पोष्ट हार्भेस्ट' गरिने र स्याउको पोस्ट हार्भेस्टसँगै यहाँका किसानले उवा, जौ र फापर लगायतका नयाँ बाली घरमा भित्र्याउँछन् । बगैंचामा स्याउ टिपेर बोटको पात झरेर उजाड बनेपछि र किसानले हिउँदेबाली लगाउने समय पुस र माघ महिनामा अनिवार्य हिउँ पर्नुपर्ने प्राकृतिक नियम भए पनि पछिल्लो तीन वर्ष मुस्ताङमा राम्ररी हिमपात हुन नसकेको घरपझोङका किसान अजित थकालीले बताउँनुभयो ।

स्याउ बगैंचा व्यवस्थापन लगायतका कार्य चलिरहने समयमा परेको हिउँले किसानलाई फाइदा पुर्‍याउने भए पनि मुस्ताङमा हिउँ पर्न नसकेको किसान थकालीको भनाइ छ । पछिल्लो समय हिउँ नपरी नदी र खोलाको पानीबाट सिँचाइ गर्दा खेतीयोग्य जमिनमा लगाइएको अन्नबालीमा रोगकीराको प्रकोप देखिएको र यसले यहाँका किसानलाई निकै चिन्ता थपिएको किसान थकालीको भनाइ छ ।

केही वर्षअघि यहाँको तल्लो मुस्ताङदेखि उपल्लो मुस्ताङसम्म भारी हिमपात हुन्थ्यो । हिमपातले मुस्ताङका डाँडाकाँडा, खर्क,पाटन र उच्चलैंकसहित बस्तीसम्म दुई फिल बढी हिउँ पर्थ्यो । अनुकूल समयमा हिउँ परेपछि यहाँका किसानले लगाएको अन्नबाली राम्ररी सप्रिन्थ्यो । जसका कारण यहाँका किसानले स्याउ लगायतका अन्नबाली उत्पादनबाट राम्रो फाइदा लिने गर्थ्ये । तर, पछिल्लो समय हिउँ नपरी बेमौसमी वर्षा हुन थालेको छ ।

यहाँको थासाङ गाउँपालिका–१ टुकुचेका स्थानीय ८४ वर्षीय डाचा थकालीले केही वर्षयता पुस र माघमासमेत हिउँ पर्न छोडेको बताउँनुभयो ।'जन्मिएर यतिका वर्ष भइयो, हिउँदमा सधैँ हिउँ पर्ने गर्थ्यो, थकालीले भन्नुभयो, "अचेल त के भयो कुन्नी २–३ वर्ष भइसक्यो हिउँ परेको अनुभवनै गर्न पाइएको छैन।" अनुकूल मौसममा हिउँ नपर्दा किसान मात्रै होइन यहाँ पर्यटन प्रवर्द्धनमासमेत असर पुर्‍याएको मुक्तिनाथस्थित होटल ग्राण्ड साम्वलाका प्रोपाइटर सुरज गुरुङले बताउँनुभयो ।

केही वर्षअघि अनुकूल समयमा हिउँ पर्दा मुक्तिनाथमा राष्ट्रिय स्की प्रतियोगितासमेत आयोजना भएको स्मरण गर्दै प्रोपाइटर गुरुङले हिउँदको समयमा हिमपात भएमा हिउँ खेल्न र हेर्न जिल्ला बाहिरका उल्लेख पर्यटक मुस्ताङ आउने उल्लेख गर्नुभयो ।पछिल्लो समय जलवायु परिवर्तका कारण हिमाली पर्यावरण फेरिन थालेको छ । हिउँदयामको मौसममा हिउँ नपर्ने र बाहिरी आवरणमा मात्रै चिसो हुने भएकाले खेतीयोग्य जमिनको तापक्रम वृद्धि भइरहेको घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले बताउँनुभयो । अक्सर चैत /वैशाखमा मात्रै पलाउने स्याउको पालुवा यहाँका केही स्याउ बगैंचाका बोटमा पुस महिनामै स्याउ बोटमा पालुवा पलाउन थालेको उहाँको भनाइ छ । हिउँदयाममा हिउँ नपर्ने र जमिनको तापमान वृद्धि हुँदै जाने अवस्थाले मुस्ताङको स्याउ खेतीले विस्तारै उकालो चढ्दै बसाइँ सार्न थालेको अध्यक्ष लालचनको भनाइ छ ।

जलवायु परिवर्तनकै प्रभावका कारण यहाँको परम्परागत संस्कृतिमासमेत असर पुग्न थालेको छ । सदियौं वर्षदेखि निर्माण भएका यहाँका परम्परागत ढुङ्गा र माटोले बनेका पुराना घरका संरचना हिउँ नपरी वर्षा हुन थालेपछि सङ्कटमा पर्न थालेका छन् ।

हिउँ परेमा घरको छतमा अडिएर थपक्क बस्ने भए पनि हिउँ पर्न छोडेर वर्षा हुन थालेपछि यहाँका परम्परागत घर भत्किने र चुहिने गरेकाले परम्परागत घर मासिँदै जान थालेको घरपझोङ–५ ठिनीका स्थानीय नीरज थकालीले जानकारी दिनुभयो । पछिल्लो समय बेमौसममा वर्षा हुन थालेको र सडक सहज भएकाले परम्परागत घर मासेर कङ्क्रिट घर निर्माण गर्ने होडबाजी चलेको थकालीले बताउँनुभयो ।

जलवायु प्रभावले हिमाली क्षेत्रको धर्मसंस्कृति, परम्परा र यहाँको जैविक विविधता, पर्यटन र कृषि क्षेत्रमा नकारात्मक प्रभाव परेको उहाँको भनाइ छ ।रासस

# परम्परागत सीपको संरक्षण गर्न टेम्केमैयुङमा राडीपाखी बुन्ने तालिम

भोजपुर । परम्परागत सीपको संरक्षण गर्दै स्थानीय महिलालाई आयआर्जनमा जोड्ने उद्देश्यका साथ भोजपुरको टेम्केमैयुङ गाउँपालिकाले राडीपाखी बुन्ने तालिम सञ्चालन गरेको छ । हराउँदै जान थालेको भेडाको ऊनबाट राडीपाखी बनाउने पुर्खौली सीपको संरक्षण तथा पुस्तान्तरण गर्ने लक्ष्यसहित यो तालिम सञ्चालन गरिएको हो ।

यही माघ ४ गतेबाट सुरु भएको तालिम फागुन ४ गतेसम्म सञ्चालन हुनेछ । एक महिनासम्म चल्ने तालिममा स्थानीय पाँचजना महिलाको सक्रिय सहभागिता रहेको गाउँपालिकाले जनाएको छ । तालिममा भेडाको ऊन प्रशोधनदेखि लिएर परम्परागत ढाँचामा राडीपाखी बुन्नेसम्मका सीप व्यवहारिक रुपमा सिकाइने छ । स्थानीय सीपको प्रवर्द्धन गर्दै आर्थिक र पर्यटनसँग जोडेर भेडापालक किसानलाई हौसला प्रदान गर्ने लक्ष्यसहित तालिम सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष सरोज बस्नेतले जानकारी दिनुभयो ।

राडीपाखी उत्पादनलाई पर्यटक लक्षित सामग्रीका रूपमा विकास गर्न सकिने भएकाले भेडापालन र स्थानीय उत्पादन प्रवर्द्धनमा तालिमले महत्वपूर्ण टेवा पुग्ने अध्यक्ष बस्नेतको भनाइ छ । "हामीले परम्परागत राडीपाखी बुन्ने सीपको संरक्षण गर्दै यसलाई आर्थिक उपार्जन र पर्यटनसँग जोड्ने योजना बनाएका छौँ," अध्यक्ष बस्नेतले भन्नुभयो, "यसले स्थानीय महिलाको रोजगारी सिर्जना गर्नुका साथै भेडापालनप्रति आकर्षण बढाउने विश्वास लिएका छौँ ।"

उहाँका अनुसार मुन्दुम पदमार्ग क्षेत्र टेम्केमैयुङको प्रमुख पर्यटकीय आकर्षणको रूपमा विकसित हुँदै गएको छ । सो पदमार्ग आसपास हाल करिब ११ वटा भेडीगोठ सञ्चालनमा रहेका छन् ।

गाउँपालिका उपाध्यक्ष रमादेवी राईका अनुसार पुर्खौली रुपमा गरिँदै आएको भेडापालन पेसाबाट उत्पादन हुने ऊनको स्थानीयस्तरमै प्रयोग बढाउने र यसमा संलग्न किसानको आर्थिक अवस्था सुधार गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको हो । तालिमले परम्परागत सीपको संरक्षणसँगै सीपको पुस्तान्तरणमासमेत सहयोग पुर्‍याउने उहाँको भनाइ छ ।

राडीपाखी किरात समुदायको संस्कार, संस्कृति र पहिचानसँग गहिरो रूपमा जोडिएको वस्तु भएकाले यसको संरक्षण आवश्यक रहेको उपाध्यक्ष राईको भनाइ छ । स्थानीय महिलालाई सीपमूलक तालिममार्फत आत्मनिर्भर बनाउँदै सांस्कृतिक सम्पदाको संरक्षण गर्न तालिमले टेवा पुग्ने उहाँको भनाइ छ ।

गाउँपालिकाले आगामी दिनमा तालिममा सहभागी महिलालाई उत्पादित राडीपाखीको बजारीकरण, प्रदर्शनी तथा पर्यटनसँग जोड्ने कार्यक्रमसमेत अघि बढाउने तयारी गरेको छ । यसले स्थानीय सीप, संस्कृति र अर्थतन्त्रलाई एकसाथ मजबुत बनाउने सहयोग पुग्ने गाउँपालिकाले जनाएको छ ।रासस

# माटोबाट मूर्ति बनाउने परम्परागत पेसा सङ्कटमा



भद्रपुर । माटोसँग खेल्दै जीवन जिउने सपना बोकेका कलाकार विष्णु राजवंशीका हातले बनेका देवी-देवताका मूर्ति कुनै समय मेचीदेखि महाकालीसम्म पुग्थे । आज त्यही मूर्तिकला उहाँको परिवारको पहिचान मात्र होइन, अस्तित्व जोगाउने सङ्घर्ष बनेको छ ।

भद्रपुर-६ मोतियावारी माता मन्दिर छेउमा विगत तीन दशकयता माटाका मूर्ति बनाएर जीवन धान्दै आउनुभएका राजवंशी दोस्रो पुस्ताका मूर्तिकार हुनुहुन्छ । पिताबाट आर्जेको सीपलाई पेसामा रूपान्तरण गर्दै उहाँले दुई सन्तानको शिक्षादिक्षा र चार जनाको परिवार यही मूर्तिकलामा नै निर्भर हुँदै आएको छ । तर पछिल्लो समय उहाँको यो परम्परागत पेसा आर्थिक सङ्कटमा फस्दै गएको छ ।

राजवंशीका अनुसार लगनशीलता र मेहनतमा कुनै कमी छैन, तर बजारमा बढ्दै गएको अतिक्रमणले उहाँको उत्पादन बिक्न छाडेको छ । 'अभिषेक मूर्ति उद्योग' नाममा कानुनी रूपमा सञ्चालनमा रहेको उहाँको उद्योग भारतीय बजारबाट अवैध रूपमा भित्रिने सस्ता मूर्तिका कारण व्यवसायमा गम्भीर असरमा परेको छ ।

"अवैध रूपमा भारतबाट आउने मूर्ति नरोकिने हो भने हामीजस्ता स्वदेशी माटोमा पसिना बगाएर खाने कलाकार भोकै मर्नुपर्ने दिन टाढा छैन," उहाँ पीडा पोख्नुहुन्छ । कुनै समय चर्चित रहेको उहाँको उद्योगले नेपालभर पहिचान बनाएको थियो । अहिले ती दिन सम्झिँदा आफ्नै व्यवसाय बनावटी कथा जस्तै लाग्न थालेको राजवंशी बताउँनुहुन्छ । हिन्दू संस्कृतिका दसैं, तिहार, छठ, सरस्वती पूजा, विश्वकर्म पूजा, देवी पूजालगायत पर्वका लागि आवश्यक पर्ने मूर्ति निर्माणमा उहाँ सक्रिय हुनुहुन्छ । साथै आदिवासी जनजातिको मौलिक संस्कार र संस्कृतिको झलक दिने विभिन्न प्रकारका मूर्ति बनाउँदै आउनुभएको छ ।

भगवान शिव, पार्वती, काली, सरस्वती, विश्वकर्मा, लक्ष्मी, भगवतीलगायत जुनसुकै देवीदेवताका मूर्ति माटो र सिमेन्ट दुवै माध्यमबाट बनाउन सक्ने सीप उहाँसँग छ । तर "भारतमा सस्तो मूर्ति पाइन्छ" भन्ने हल्लाले ग्राहक सीमापारि जाने वा भारतीय व्यापारी गाउँगाउँमै पुगेर मूर्ति बेच्न थालेपछि समस्या थपिएको राजवंशी बताउँनुहुन्छ ।उहाँका अनुसार भारतीय बजारभन्दा आफ्ना मूर्ति सस्ता हुँदाहुँदै पनि प्रचारप्रसारको अभावले ग्राहकले थाहा नपाउने अवस्था बनेको छ । मूर्तिको व्यावसायबाट नै घरपरिवार चलाउँदै आउनुभएका राजवंशी सामाजिक सेवामासमेत सक्रिय हुनुहुन्छ । उहाँ स्वदेशी श्रम र सीपको सम्मान गर्ने सामाजिक अगुवासमेत हुनुहुन्छ ।

भ्रष्टाचार समाज विचलनको मुख्य कारण भएको ठहर गर्दै राजवंशीले भद्रपुर नगरलाई "भ्रष्टाचार शून्य नगर" बनाउने अभियानसमेत चलाइरहनुभएको छ । सघन सहरी विकास कार्यक्रमअन्तर्गत भइरहेका सडक विस्तार र स्तरिकरणका काम कमिशनका कारण गुणस्तरहीन भएको भन्दै आवाज उठाइरहने राजवंशी सामान्य लेखपढ गर्नुभएको भए पनि सचेत नागरिकका रूपमा परिचित हुनुहुन्छ ।

युवापुस्तालाई स्वदेशमै श्रम र सीपको महत्व बुझाउनुपर्ने उहाँको जोड छ ।


लोकतन्त्रमा इमानदार र सक्षम शासक आवश्यक रहेको बताउने राजवंशी पैसा र पहुँचका आधारमा राज्य सञ्चालन भइरहेसम्म गणतन्त्र सर्वहारा वर्गको पहुँचमा नआउने उहाँको बुझाइ छ ।चार जनाको परिवार पाल्दै समाजमा केही देन दिन सफल भएको अनुभव सुनाउने राजवंशी आफ्ना सीप अरूलाई पनि सिकाउन तयार हुनुहुन्छ । तर मूर्तिकला सिक्न कोही नआएकोमा उहाँ चिन्तित देखिनुहुन्छ । पछिल्लो समय ग्राहक अभावका कारण पेसा नै सङ्कटमा परेको उहाँको गुनासो छ ।

माटोलाई माया गर्ने विष्णु राजवंशी आज पनि भद्रपुरको आदिवासी क्षेत्र महेशपुरमा मूर्तिसँगै रमाइरहनुभएको छ । तर अवैध आयात, राज्यको उपेक्षा र संरक्षणको अभावले उहाँको कला मात्रै होइन, पुस्तौँदेखि चलेको परम्परा नै हराउने खतरा बढ्दै गएको छ । उहाँ भन्नुहुन्छ, "यदि स्वदेशी कला र श्रमको संरक्षण भएन भने, माटोसँग जोडिएको हाम्रो पहिचान इतिहासमै सीमित हुनेछ ।"रासस

> "अवैध रूपमा भारतबाट आउने मूर्ति नरोकिने हो भने हामीजस्ता स्वदेशी माटोमा पसिना बगाएर खाने कलाकार भोकै मर्नुपर्ने दिन टाढा छैन,"

# फ्ल्यागशिप-स्तरको रेड्मी टाइटन मजबुतीसहित रेड्मी नोट १५ सिरिज नेपालमा सार्वजनिक

**टुडे समाचारदाता**




काठमाण्डु । विश्वव्यापी प्रविधि कम्पनी शाओमीले नेपालमा आफ्नो रेड्मी नोट १५ सिरिज सार्वजनिक गरेको छ । यस सिरिजमा चारवटा मोडेलहरू- रेड्मी नोट १५ प्रो+ ५जी, रेड्मी नोट १५ प्रो ५ जी, रेड्मी नोट १५ ५ जी र रेड्मी नोट १५ ४ जी समावेश गरिएको छ, जसले विभिन्न प्रकारका प्रयोगकर्ताहरूलाई फरक-फरक सुविधाहरू प्रदान गर्नेछन् ।

यो सिरिजको सबैभन्दा उन्नत मोडेल रेड्मी नोट १५ प्रो+ ५ जीमा ६,५०० एमएएच सिलीकोन-कार्बोन (एसआईसी) ब्याट्री रहेको छ जसमा १०% एसआईसी सामग्री छ । यसमा १००वाट हाइपरचार्ज रहेको छ जसले करिब ४० मिनेटमै पूर्णचार्ज गर्छ । साथै २२.५ वाट रिभर्स चार्जिङ सुविधा पनि उपलब्ध छ । रेड्मी नोट सिरिजमा पहिलोपटक SiC ब्याट्री प्रविधि प्रयोग गरिएको छ, जसले सानो आकारमा बढी ऊर्जा क्षमता दिन्छ। सबै प्रो मोडेलहरूमा यो एसआईसी ब्याट्रीले शाओमी सर्ज ब्याट्री म्यानेजमेन्ट सिस्टमसँग मिलेर १,६०० चार्ज साइकलपछि पनि ८०% वा बढी क्षमता कायम राख्छ, जुन लगभग ६ वर्षको सामान्य प्रयोगको बराबर हो।

यस डिभाइसले आईपी ६६/ आईपी ६८/ आईपी ६९/ आईपी ६९ के प्रमाणीकरण हासिल गरेको छ र एसजीएस-प्रमाणित २.५ मिटर ड्रप प्रतिरोधक क्षमता छ। कोर्निंग गोरिल्ला ग्लास विक्टस २ र फाइबरग्लास-कम्पोजिट निर्माणले यसलाई थप बलियो बनाएको छ। स्न्यापड्रागन ७ एस जेन ४ मा चल्ने यस डिभाइसमा शाओमी हाइपर एआई (एआई राइटिङ, स्पीच रिकग्निसन, र इन्टरप्रिटर सहित), शाओमी सर्ज टी१एस ट्युनर र किलोमिटर दूरीसम्म काम गर्ने अफलाइन कम्युनिकेसन सुविधा रहेको छ।

रेड्मी नोट प्रो+ ५ जीमा २०० एमपी प्राइमरी क्यामेरा छ जसमा २ एक्स र ४ एक्स अप्टिकल - लेभलइन - सेन्सर जूम र ओआईएस फिचर छ। यसमा विश्वभर पहिलो पटक २००एमपी एचपीई इमेज सेन्सर प्रयोग गरिएको छ। एउटै लेन्स, ५ फोकल लेन्थ डीएजी एचडीआर र उन्नत एआई प्रशोधनले विभिन्न प्रकाशमा पनि विस्तृत र वास्तविक तस्बिरहरू दिन्छ।

यस मोडेलमा शाओमी आइसलुप कूलिङ सिस्टम पनि छ, जुन यो मूल्य दायरामा एकमात्र एलएचपी कुलिङ समाधान हो र तीन गुणा हिट-ट्रान्सफर दक्षता र थर्मल - कन्डक्टिभिटी दिन्छ। ६.८३- इन्चको १.५ के एमोलेड क्रिस्टल रेस डिस्प्लेले ३,२०० निट्स पिक ब्राइटनेस दिन्छ, र दुअल स्पिकरहरूले ४००% भोल्युम बूस्टको साथ इमर्सिभ मल्टिमिडिया अनुभव दिन्छ।

कनेक्टिभिटीको लागि, प्रो मोडेलहरूमा फ्ल्यागशिप- लेभल शाओमी अफलाइन कम्युनिकेसन सुविधा छ, जसले नेटवर्क कभरेज नभएको अवस्थामा पनि किलोमिटर-स्तरको आवाज प्रसारण गर्न सक्छ। रेड्मी नोट १५ प्रो+ ५ जी मा शाओमी सर्ज टी १ एस ट्युनर पनि छ, जसले वाइफाइ, ब्लुटुथर, जीपीएस र सेलुलर नेटवर्कहरूमा बलियो र स्थिर कनेक्टिभिटी दिन्छ। यो कालो, ग्लेसियर निलो र मोका ब्राउन रङमा उपलब्ध छ ।

रेड्मी नोट १५ प्रो ५ जी मोडेलमा पनि २०० एमपी क्यामेरा सिस्टम र आईपी ६६, आईपी ६८, आईपी ६९, आईपी ६९ के रेटिङ छतर मिडियाटेकको डाइमेन्सिटी ७४०० अल्ट्रा प्रोसेसर प्रयोग गरिएको छ । ६,५८० एमएएच सिलीकोन कार्बन ब्याट्रीले १,६०० साइकलपछि (लगभग छ वर्ष) ८०% क्षमता कायम राख्छ र ४५ डब्लू मा चार्ज हुन्छ। एआई क्रिएटिभिटी असिस्टेन्टमा एआई इरेज प्रो, एआई इमेज एक्सपान्सन, र एआई रिमुभ रिफ्लेक्सन जस्ता उन्नत टूलहरू छन्।६.८३- इन्चको डिस्प्ले प्रो+ को जस्तै छ, कोर्निंग गोरिल्ला ग्लास विक्टस २ सुरक्षा र ४००% भोल्युम-बूस्टेड दुअल स्पिकर्स सहित छ । यस मोडेलमा शाओमी अफलाइन कम्युनिकेसन छ र गुगल जेमिनी सर्कल टु सर्च समर्थन गर्छ । यो कालो, ग्लेसियर निलो, टाइटेनियम र मिस्ट पर्पल रङमा उपलब्ध छ।

रेड्मी नोट १५ ५जी मोडेल ७.३५ मिलिमिटर प्रोफाइलसहित रेड्मी नोटको सबैभन्दा पातलो डिभाइस हो, तर यसमा ५,५२० एमएएच सिलिकन-कार्बन ब्याट्री छ। १०८ मेगापिक्सेल क्यामेराले ३ गुणा इन-सेन्सर जुम र ओआईएस दिन्छ, र पातलो भए पनि आईपी ६६ वाटर रेजिस्टेन्स कायम छ । स्न्यापड्रागन ६ जेन ३ मा चल्ने यो यन्त्रमा ४५ वाट चार्जिङ छ र ६.७७ इन्चको एमोलेड डिस्प्लेले ३,२०० निट पिक ब्राइटनेस दिन्छ ।

एआई एडिटिङ टूलहरूमा इरेज, रिमुभ रिफ्लेक्सन, स्काई, बोके र ब्युटिफाई प्रकार्यहरू छन् । डुअल स्पिकरहरूले डल्बी एट्मोस सहित ३००% भोल्युम बूस्ट दिन्छ, र यसमा एनएफसी र इन-स्क्रिन फिंगरप्रिन्ट सेन्सिङ समर्थन छ। यो कालो, ग्लेसियर निलो र मिस्ट पर्पल रङमा उपलब्ध छ।

रेड्मी नोट १५ ४ जी मोडेलमा ६,००० एमएएच ब्याट्री र १०८ मेगापिक्सेल क्यामेरा छ जसमा ३ गुणा अप्टिकल-स्तर टेलिफोटो छ । मिडियाटेक हेलियो जी १०० अल्ट्रा मा ४ जी कनेक्टिभिटीसहित चल्ने यो यन्त्रको ६.७७ इन्चको एमोलेड डिस्प्लेमा १२० हट्र्ज रिफ्रेस रेट र ३,२०० निट ब्राइटनेस छ । आईपी ६४ सुरक्षा, ३३ वाट चार्जिङ, डल्बी एट्मोस सहितको डुअल स्पिकरहरू र समान एआई एडिटिङ सुइट छ । कालो, ग्लेसियर निलो, मिस्ट पर्पल र फरेस्ट हरियो रङमा उपलब्ध यो मोडेल ८ जीबी र्‍याम र ५१२ जीबी क्षमतासम्म आउँछ, र हाइब्रिड सिम स्लट मार्फत स्टोरेज विस्तार गर्न सकिन्छ ।

रेड्मी टाइटन, मजबुत बनावटमा तयार गरिएको, लामो समय टिक्ने ब्याट्री, झर्दा पनि कमैमात्र क्षति हुने क्षमता तथा धुलो र पानीबाट सुरक्षित रहने सुविधाहरु यो सिरिजमा छन् । यसले रेड्मी नोट उपकरणका लागि मजबुतीको नयाँ मापदण्ड स्थापित गरेको छ।


सम्पूर्ण लाइनअपमा नयाँ प्रविधिको स्न्यापड्रागन र मिडियाटेक चिपसेटहरूले छिटो प्रदर्शन, सहज ग्राफिक्स र सुधारिएको ऊर्जा दक्षता दिन्छन्। सबै मोडेलहरूले गुगल जेमिनी र सर्कल टु सर्च समर्थन गर्छन्। सिरिजको शीर्षमा रहेको रेड्मी नोट १५ प्रो+ ५जी मा थप व्यक्तिगत र बौद्धिक एआई अनुभवका लागि शाओमी हाइपरएआई एकीकृत गरिएको छ।६ जीबी+१२८ जीबी देखि १२ जीबी+५१२ जीबी सम्मका भेरियन्टहरूमा उपलब्ध, प्रत्येक मोडेलमा वेट टच २.० (भिजेको स्क्रिनमा पनि सहज सञ्चालन), गुगल जेमिनी एकीकरण, सर्कल टु सर्च र शाओमी हाइपरओएस छ।

रेड्मी नोट १५ सिरिजको लन्च उत्सवको अवसरमा शाओमीले २०२६ जनवरी १९ देखि फेब्रुअरी १४ सम्म विशेष प्रवर्द्धनात्मक अफर सार्वजनिक गरेको छ। यस अवधिमा सबै मोडेलहरूसँग शाओमी बड्समा विशेष छुटको साथ बन्डलिङ अफर पनि उपलब्ध छ । रेड्मी नोट १५ सिरिजका सबै मोडेलहरूमा ९ महिना ०% ईएमआई सुविधाको लाभ लिन सक्नेछन्, जसले फ्ल्यागशिप-स्तरका सुविधाहरू अझ सहज रूपमा प्राप्त गर्न मद्दत गर्नेछ।

रेड्मी नोट १५ सिरिज अब नेपालभरि टेलिडाईरेक्ट प्रा.लि. र वत्सल इम्पेक्स प्रा.लि.को विस्तृत डिलर नेटवर्कमार्फत उपलब्ध छ।

रेड्मी नोट १५ प्रो+ ५ जीको १२ जीबी +५१२ जीबी र ८ जीबी + २५६ जीबी को मूल्य रु. ६६,९९९/५९,९९९ रहेको छ । त्यस्तै रेड्मी नोट १५ प्रो ५ जीको १२ जीबी + ५१२ जीबी र ८ जीबी + २५६ जीबीको मूल्य रु. ५६,९९९/४९,९९९ छ । साथैरेड्मी नोट १५ ५ जीको १२ जीबी + ५१२ जीबी र ८ जीबी + २५६ जीबीको मूल्य रु. ४६,९९९/३९,९९९ छ भनेरेड्मी नोट १५ ४ जीको ८ जीबी + २५६ जीबी र ६ जीबी + १२८ जीबी मूल्य रु. ३५,९९९/२९,९९९ रहेको छ ।

# छ महिनामा रु. सात अर्ब १९ करोडको अलैँची निर्यात



झापा । पूर्वीनाका काँकडभिट्टाबाट चालु आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक अवधिमा अलैँची, छुर्पीलगायतका वस्तुको निर्यात उत्साहजनक रुपमा वृद्धि भएको छ । साउनदेखि पुस मसान्तसम्मको छ महिनामा रु सात अर्ब १९ करोड ९५ लाख चार हजार मूल्य बराबरको ३४ लाख ६१ हजार ३५० केजी अलैँची निर्यात भएको मेची भन्सार कार्यालयले जनाएको छ ।

गत आव २०८१/८२ को सोही अवधिको तुलनामा चालू आवमा अलैँचीको निर्यात ५८ प्रतिशतले वृद्धि भएको कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाइँले बताउनुभयो । गत आवको साउनदेखि पुससम्ममा रु चार अर्ब ५५ करोड ७० लाख ६९ हजार मूल्य बराबरको अलैँची पूर्वीनाकाबाट निर्यात भएको थियो । कुकुर र बिरालोको खानाको रुपमा तेस्रो मुलुक निर्यात हुँदै आएको छुर्पीको निर्यात चालु आवको अर्धवार्षिक अवधिमा गत आवको सोही अवधिको तुलनामा ६६ दशमलव २ प्रतिशतले वृद्धि भएको छ ।

चालु आवको छ महिनामा रु ७६ करोड पाँच लाख तीन हजार मूल्य बराबरको चार लाख ३२ हजार ४०५ केजी छुर्पी निर्यात भएको छ । गत आवको सोही अवधिमा रु ४५ करोड ७६ लाख ३४ हजार मूल्य बराबरको दुई लाख ६६ हजार २४३ केजी छुर्पी निर्यात भएको भन्सारले जनाएको छ ।भेनियर सिट र मुसुरो दालको निर्यातसमेत उच्च रहेको छ । चिया र प्लाइउडको निर्यात प्रगति भने गत आवको तुलनामा ऋणात्मक रहेको छ ।रासस

# सिंह र अन्सारी गरे रास्वपामा प्रवेश



**टुडे समाचारदाता**

जनकपुरधाम । निवर्तमान स्वतन्त्र सांसद डा. अमरेश कुमार सिंह र तत्कालिन माओवादी केन्द्र पार्टी परित्याग गरेका प्रदेशका पूर्व राज्यमन्त्री रहबर अन्सारीले औपचारिक रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेका छन् ।

सोमबार जनकपुरधाममा रास्वपाले आयोजना गरेको ' परिवर्तनको उदघोष सभा'मार्फत उनी दुवै जना पार्टीमा आबद्ध भएका हुन् । कार्यक्रममा पार्टी सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन साह, उपसभापति स्वर्णिम वाग्ले, सोविता गौतमलगायतका नेताहरूले उनीहरुलाई पार्टी प्रवेश गराउँदै स्वागत गरेका छन् ।

पार्टी प्रवेशपछि सम्बोधन गर्दै डा. सिंहले देशमा व्याप्त भ्रष्टाचार र बेथितिविरुद्ध निर्णायक संघर्ष आवश्यक रहेको बताए । उनले अब देशलाई पछाडि धकेल्ने प्रमुख शक्तिहरूको अन्त्य गर्ने समय आएको दाबी गर्दै कुनै पनि भ्रष्टाचारीलाई देशबाट उम्किन नदिने कडा अडान व्यक्त गरे ।

सिंहले बालेन यदी देशको प्रधानमन्त्री नबने आफूले रंगभूमी मैदानमा आत्मदाह गर्ने घोषणासमेत गरे । देशको तीनवटा खलनायकलाई समाप्त गर्ने समय आएको उनको भनाइ थियो । सिंहले देशबाट कुनै भ्रष्टाचारीलाइ भाग्न नदिइने अडान राखे ।

उनले नेतृत्वको विषयमा आफ्नो धारणा राख्दै देशले बलियो र परिवर्तनकारी नेतृत्व खोजिरहेको उल्लेख गरे । सिंहको भनाइमा हालको राजनीतिक अवस्थाबाट जनतामा व्यापक निराशा छ । यसलाई अन्त्य गर्न रास्वपाले वैकल्पिक राजनीतिको मार्ग प्रस्तुत गरेको छ ।

यस्तै अन्सारीले देशमा मधेशीको सरकार निर्माण गर्न मधेशी जनताले मधेशबाट बढीभन्दा बढी सीट जिताएर रास्वपालाई सहयोग गर्न आग्रह गरे । उनले भने देशमा केही गर्छु भन्ने परिवर्तनकारी सोचबाट काम गर्न आएका मधेशका सपूत बालेनलाई प्रधानमन्त्री बनाउन हामी सबै मधेशी लाग्नुपर्ने बताए । उनी बारा ४ बाट प्रतिनिधि सभाको निर्वाचनका लागि प्रदेश सांसद पद परित्याग सोमवार नै गरेका छन् ।

# रास्वपाको 'बालेन कार्ड' ले प्रभाव पार्न सक्दैन

**सुभाष कर्ण**

जनकपुरधाम । निकै तामझाका साथ मधेशलाई केन्द्रविन्दु बनाई जनकपुरधाममा राष्ट्रिय स्वतन्त्र पार्टीको परिवर्तनका लागि उद्‌घोष कार्यक्रम सम्पन्न गरिएको छ ।

कार्यक्रममा अधिकांश सहभागी जेनजी पुस्ताका देखिए । तिनीहरु रास्वपा भन्दा पनि पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) लाई हेर्न पुगेका थिए । तिनीहरुको मुखमा रास्वपा वा तिनकै चुनाव चिन्ह घण्टाभन्दा पनि बालेन, बालेनको नारा देखियो ।

रास्वपाको कार्यक्रममा जेनजी पुस्ताका युवाहरुको देखिएको उत्साह बालेनको पोपुलरिटीले गर्दा रहेको न कि रास्वपाले अघि बढाएको मुद्दाका रहेको लोकतन्त्र र संघीयाका पक्षधर दलहरुले प्रतिक्रिया दिएका छन् । उनीहरुले बालेनको अनुहार अगाडि सारेर पनि आउँदै निर्वाचनमा केही असर पार्न नसक्ने दाबी गरेका छन् ।

नेकपा एमालेका मधेश प्रदेश सभा प्रमुख सचेतक हरिनारायण यादवले भने निर्वाचन र भोजमा हुवाँहुवाँ गर्ने सबैको अधिकार हुन्छ । रावस्पाले गरेको कार्यक्रमबाट चुनावमा असर पार्ला जस्तो मलाई लाग्दैन भने ।

उनले भने निर्वाचन, खेल र युद्धको मैदानमा भाग लिने सबैको अधिकार हुन्छ । भाग लिने सबैलाई जित्छु भन्ने आत्मबल सबैको हुन्छ, सबैले आ आफ्ना रणनीति चाल्छन् । तर हारजीत कसेको हुन्छ, त्यो त समयले बताउंछन । यसमा रास्वपाले पनि खलेको मधेशी अनुहार बालेन कार्डले मधेशमा संगठन बनाउन काम लाग्न सक्छ तर चुनाव जित्न काम गर्दैन ।

मधेशमा बालेनलाई अघि सारेर रास्वपाले खेलेको मधेशी कार्डले निर्वाचनमा कतिको काम गर्छ भन्ने कुरा त विगतमा मधेशी दलप्रति उम्रेको भीड र हालको अवस्थाले देखाउंछ । आउने बेलामा नयाँ नयाँ मुद्दा लिएर सबै आउंछ, तर काम गर्ने बेला सत्तामा पुगेपछि काम गर्दैनन् पछि पदबाट हटेपछि विभिन्न मुद्दा बढाउने गरेको मधेशी जनताले हेरिसकेको छ । अब यो बालेन कार्ड रास्वपाको मधेशमा काम गर्दैन ।



> रास्वपाको कार्यक्रममा देखिएको आज युवाहरुको भीडभन्दा बढी त यो भन्दा अघि मधेश आन्दोलनपछि भएका सभाहरुमा देखिएको थियो । तर के भयो, आज सोही अवस्था रास्वपामा देखिएको छ ।
>
> **-परमेश्वर साह**

जसपा नेपालका नेता परमेश्वर साहले भने रास्वपाको कार्यक्रममा देखिएको आज युवाहरुको भीडभन्दा बढी त यो भन्दा अघि मधेश आन्दोलनपछि भएका सभाहरुमा देखिएको थियो । तर के भयो, आज सोही अवस्था रास्वपामा देखिएको छ । रास्वपाको संगठन र प्रभावशाली उम्मेदवार नभएकाले प्रत्यक्षतर्फ केही असर पार्दैन । तर समानुपातिकतर्फ चाहिं केही झुकाव यहाँको जनतामा हुन सक्छ ।

आज मधेशीको अधिकारको कुरा गर्ने रास्वपा अध्यक्ष रवि लामिछाने गृहमन्त्री र उपप्रधानमन्त्री हुँदा खेरी मधेशीको लागि कतिको काम गरेको छ भन्ने कुरा यहाँका मधेशी जनताहरु बुझिरहेका छन् । संघीयताको दुहाई आजको कार्यक्रममा दिएको रास्वपाले मधेश आएको संघीयताको विपक्षमा सधैं खडा रहेको भन्ने कुरा त पछिल्लो पटक देखाइसकेको छ भन्ने कुरा पनि मधेशी जनता बुझिरहेकाले झुक्ने वाला छैन ।



> रास्वपाले मधेशी अनुहार देखाएर मधेशी जनतालाई ठग्न प्रयास गरेको प्रतिक्रिया दिएका छन् ।
>
> **-जीवनाथ चौधरी**

त्यस्तै नेपाली कांग्रेसका नेता जीवनाथ चौधरीले रास्वपाले मधेशी अनुहार देखाएर मधेशी जनतालाई ठग्न प्रयास गरेको प्रतिक्रिया दिएका छन् ।

उनले भने रास्वपाको विधानमा कतै मधेशी शब्द उल्लेख गरिएको छैन, पार्टी अध्यक्ष रवि लामिछाने सहकारी ठगी लगायतका घटनाले पार्टी डुब्न लागेको देखेर मधेशी अनुहारलाई अगाडि बढाएर मधेशमा स्पेश लिन खोजिरहेको छ, यसले निर्वाचनमा केही असर पार्न सक्दैन ।

सभामा देखिएको युवाहरुको भीडले रास्वपाप्रति झुकाव देखिएको बारे नेता चौधरीले भने यो अवस्था यथास्थिति दलहरुले विगतमा गरेको गलती र बालेनको पोपुलरिटीले देखा परेको हो । चुनाव भीडले होइन, संगठन र मुद्दा तथा गरेको विकासका कामले जिताउंछ । विगतमा रास्वपाले मधेशी जनताप्रति कतिको क्रुर थियो र नेपाली जनताको सहकारी मार्फत रुपैया अपचलन गरेको घटनाले उनको नियत प्रष्ट रहेको मधेशी जनताले बुझिएको उनले भने ।



> निर्वाचन र भोजमा हुवाँहुवाँ गर्ने सबैको अधिकार हुन्छ । रावस्पाले गरेको कार्यक्रमबाट चुनावमा असर पार्ला जस्तो मलाई लाग्दैन भने ।
>
> **-हरिनारायण यादव**

नेकपाका नेतृ एवं प्रदेश सांसद शारदा देवी पहाडीले रास्वपाले जुन पनि कार्ड निर्वाचनमा खेल्ने प्रयास गरोस तर काम काम गर्दैन । सधैं संघीयताको विरोध र प्रदेश खारेज गर्ने माग गर्दै आएका रास्वपालाई मधेश प्रदेशप्रति कसरी भावना जाग्यो भने कुरा मधेशी जनता बुझिरहेका छन् । जनताले मत संघीयता ल्याउने र लोकतन्त्र रक्षा गर्ने दललाई दिनेछ न कि संघीयता विरोधीलाई, यसले प्रष्ट देखिन्छ कि आउंदो निर्वाचनमा रास्वपाले खासै प्रभाव पार्न सक्दैन ।



> रास्वपाले जुन पनि कार्ड निर्वाचनमा खेल्ने प्रयास गरोस तर काम काम गर्दैन । सधैं संघीयताको विरोध र प्रदेश खारेज गर्ने माग गर्दै आएका रास्वपालाई मधेश प्रदेशप्रति कसरी भावना जाग्यो भने कुरा मधेशी जनता बुझिरहेका छन् ।
>
> **-शारदा देवी पहाडी**

जनकपुरधाममा आयोजित सभामा देखिएको युवाहरुको भीड र बालेनप्रतिको क्रेजले मधेशमा राम्रै सीट ल्याउनेछ भन्ने आंकलन उनीहरुको रहेको छ । रास्वपाका रैपिड टीम प्रदेश विभाग प्रमुख अम्भु साहले आउंदो निर्वाचनमा रास्वपाले मधेशमा राम्रो सीट ल्याई दुई तिहाईको बहुमतले बालेन प्रधानमन्त्री बन्ने दाबी गरेका छन् ।

# उपप्रमुखविरुद्ध कर्मचारीहरु आन्दोलित

**टुडे समाचारदाता**

बारा । सिम्रौनगढ नगरपालिकाका कर्मचारीहरु उपप्रमुख नजमु शेहरलाई कारबाही माग गर्दै आन्दोलित भएका छन् ।

प्रमुख प्रशासकीय अधिकृत बीरबहादुर साह लहेरामाथि नगर उपप्रमुखबाट दुर्व्यवहार भएको भन्दै कर्मचारीहरु कारबाहीको मागसहित आन्दोलित भएका हुन् । विद्यालय र स्वास्थ्य सेवाका कर्मचारीहबाहेक सबै कर्मचारीले नगरपालिकाको मुख्यद्वारमा धर्ना र सडकमा प्रदर्शन गर्दै नगरको सम्पूर्ण कार्य पुस २९ देखि ठप्प पारेका छन् ।




नगरको ११ वटै वडाबाट हुने सम्पूर्ण सेवा ठप्प पारिएको छ । कर्मचारीको आत्मसम्मान, भौतिक सुरक्षाको प्रत्याभुति हुनुपर्ने र काम गर्ने वातावरण हुनुपर्ने भन्दै उनीहरुले स्थानीय प्रहरी प्रशासनसित माग गर्दै आन्दोलित छन् । नगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत बीरबहादुर साह लहेराले आफुमाथि उपप्रमुख शेहरले छलफल गर्नुपर्ने भन्दै आफ्नो कार्यकक्षमा बोलाएर हातपात र गालीगलौज गरेको आरोप लागाए ।

विशेष नगरसभाका लागि कार्यपालिका बैठक बोलाउन आफुले लेखेको पत्रमा विशेष नगरसभा भन्ने शब्द किन प्रयोग गरेको भन्दै आफुमाथि हातपात र गालीगलौज गरेको उनले बताए । 'उपमेयरको दबाबले मैले चिठ्ठीमा लेखिएको विशेष नगरसभा शब्द काटे पनि अनावश्यक गालीगलौज गर्नुभयो,' उनले भने, 'ममाथि भएको घटनाको छानबिन गरी दोषीमाथि कारबाही हुनुपर्छ ।'

उता उपप्रमुख शेहरले गत साउनमा आफुलाई पाखा लगाएर बहुमतको दम्भमा १० औं नगरसभा विधि सम्मत नगरेको र आफुलाई चाहिने बजेट नछुट्याएकोमा आक्रोशित हुँदै आएकी थिइन् ।

नगरसभाविरुद्ध आफुले उच्च अदालतमा मुद्दा दिएपछि अदालतले गत साता उक्त नगरसभा बदर गर्दै अर्को गर्ने फैसला गरे पनि प्रमुख प्रशासकीय अधिकृतले सोही अनुसार गर्न आनाकानी गरेकोले आफुले दबाब मात्र दिएको बताएकी छन् । 'मैले हातपात र गालीगलौज गरेको छैन्,' उनले भनिन्, 'नगरमा आफ्नो पनि अधिकार भएकोले बाइपास होइन् आफुलाई सम्मानजनक हेर्नुपर्छ ।'

प्रमुख प्रशासकीय अधिकृत लहेराले आफु नगरपालिका राम्रो ढंगले सञ्चालन गर्न सकारात्मक रूपमा नगरप्रमुख र उपप्रमुखबीचको विवादलाई मध्यस्थता मात्रै गरेको बताए । 'अदालतले १० औं नगरसभाको निर्णय बदर गर्दै अर्को नगरसभा गर्न सकिने फैसला गरेको छ,' उनले भने, 'कानुनसम्मत वर्षमा दुईपटक हुनसक्ने नगरसभालाई विशेष सभा गर्न छलफलका लागि कार्यपालिका बैठक मात्रै डाक्न चिठ्ठी काटेको हो ।'

सिम्रौनगढ नगरपालिका कर्मचारी संघर्ष समितिका संयोजक सुरेशप्रसाद यादवले जनप्रतिनिधिले पटकपटक कर्मचारीमाथि दुर्व्यवहार गर्दै आएकाले अन्याय सहेर नबस्ने बताए । 'कारबाही नभएसम्म आन्दोलन जारी रहन्छ,' उनले भने, 'हामी कर्मचारी मारमा र चेपुवामा छौं । प्रहरी प्रशासनले सुनुवाई गरिदिएको छैन् । त्यसैले दुःख लागेको छ ।'

# पूर्व सभामुखदेखि पूर्व मन्त्रीसम्मले दिए राजीनामा

**टुडे समाचारदाता**

जनकपुरधाम । आउंदो प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवार बन्न मधेश प्रदेशका निवर्तमान सभामुख रामचन्द्र मण्डलदेखि पूर्व मुख्यमन्त्री र मन्त्रीहरुले प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएका छन् ।

मण्डलले सभामुख कार्यालयमा पुगेर औपचारिक रूपमा राजीनामा पत्र बुझाएका भने पूर्व मुख्यमन्त्री सतीश सिंह, पूर्व मन्त्री प्रमोद जयसवाल, पूर्व मन्त्री भरत प्रसाद साह पूर्वराज्यमन्त्री रहबर अन्सारी लगायतकाले प्रदेश सभा सदस्य पदबाट राजीनामा दिएका छन् । उनीहरुले प्रदेश सभा पुगेर नै सभामुख रामआशिष यादवलाई राजीनामा पत्र बुझाएका छ्न ।



नेकपा एमालेका केन्द्रीय सदस्यसमेत रहेका मण्डल आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा धनुषा निर्वाचन क्षेत्र नम्बर १ बाट उम्मेदवारी दिने तयारीमा छन् । निर्वाचनको मिति नजिकिँदै जाँदा प्रमुख दलका नेताहरूको उम्मेदवारी घोषणासँगै राजनीतिक गतिविधि तीव्र बन्दै गएका छन् ।

यस्तै मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहले पनि प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएका छन् । उनले विधिवत रूपमा प्रदेशसभा सदस्यबाट राजीनामा दिएको जानकारी दिँदै जनमत पार्टीको साधारण सदस्यता समेत त्यागेको घोषणा गरेका हुन् ।

सिंहले भने, 'आज औपचारिक रूपमा प्रदेशसभा सदस्यबाट राजीनामा दिएँ । साथै, जनमत पार्टीको साधारण सदस्य समेत नरहने गरी पार्टीबाट पनि अलग भएको छु ।'

आगामी प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै सिंहले छुट्टै राजनीतिक दल दर्ता गरिसकेका छन् । आफ्ना दाइ सत्यवानकुमार सिंहको नेतृत्वमा 'स्वाभिमान पार्टी' दर्ता गरिएको र सोही पार्टीबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्ने तयारी रहेको उनले जनाएका छन् ।

सिंह २०७९ सालको प्रदेशसभा निर्वाचनमा सप्तरी क्षेत्र नम्बर २ (क) बाट जनमत पार्टीका तर्फबाट निर्वाचित भएका थिए । जनमत पार्टीले उनलाई मधेश प्रदेशसभाको अर्थ समितिको सभापति बनाएको थियो भने पछि मुख्यमन्त्रीको जिम्मेवारी समेत दिएको थियो ।

तर, जेनजी आन्दोलनको क्रममा जनमत पार्टीका केन्द्रीय अध्यक्ष डा. सीके राउतको निर्देशनमा सामाजिक सञ्जाल फेसबुकमार्फत राजीनामा घोषणा गरेपछि त्यसबारे धारणा परिवर्तन गर्दा पार्टीभित्र विवाद चुलिएको थियो । त्यसपछि जनमत पार्टीले उनलाई दिएको समर्थन फिर्ता लिएसँगै सिंह पार्टीभित्र विवादित बनेका थिए ।

राजनीतिक यात्रामा अनुभवी सिंह २०७४ देखि २०७९ सालसम्म सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्षसमेत रहिसकेका छन् । ४३ वर्षीय सिंह तिलाठी कोइलाडी गाउँपालिका-४ तिलाठीका स्थायी बासिन्दा हुन् ।

# बलिदानी दिवसमा श्रद्धाञ्जली सभा

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रथम मधेश आन्दोलनको स्मृतिमा युवाहरुको संगठन युथ एशोसिएन अफ नेपाल (यान) दे द्विप प्रज्वलनसहित श्रद्धाञ्जली सभा कार्यक्रम सम्पन्न गरेको छ ।




आन्दोलनको १९ वर्ष पूरा भएको छ । माघ ५ माघ २०६३ मा मधेश आन्दोलनको क्रममा सिराहाको लहानमा रमेश महतो शहीद भएका थिए । सोही दिनलाई आधारमानी मधेशमा बलिदानी दिवस मनाइदै आएको छ । यानले प्रत्येक वर्ष बलिदानी दिवसका दिन मधेशी शहीदहरुको स्मृतिमा श्रद्धाञ्जली सभा आयोजना गरी मनाउँदै आएको छ ।

२०६२/०६३ सालको जनआन्दोलनको सफलता पछि माघ १ गते जारी गरिएको अन्तरिम संविधानमा संघीयता र समावेशिता समावेश नगरेको जनाउँदै तत्कालीन मधेशी जनअधिकार फोरमको नेतृत्वमा आन्दोलन गरिएको थियो । माघ २ गते सुरु भएको आन्दोलनका क्रममा माघ ५ गते सिरहाको लहान स्थित लिटिल स्टार बोर्डिङ स्कुलमा अध्यनरत सिरहा मझौराका विद्यार्थी रमेशको ज्यान गएको थियो। त्यसपछि मधेशभर आन्दोलन चर्किएको थियो ।

सोही दिनलाई सम्झिदै यानले यस वर्ष पनि सहिदहरुको सम्झनामा काठमाण्डूको माइतीघरमा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न गरेको छ । यान केन्द्रिय सदस्य राहुल मण्डलको नेतृत्वमा सम्पन्न सो कार्यक्रममा यान कार्यवाहक अध्यक्ष मनिषा साह, राजनीतिक विश्लेषक राकेश मिश्र, टिएमएनसी संयोजक सि.एन थारु, जसपा नेपालका युवा नेता जयनरायण यादव, लगायतका व्यक्तिहरुले मधेश आन्दोलनलाई सम्झदै आ आफ्ना धारणा राखेका थिए ।

# रास्वपालाई मधेशले नपत्याउने



**टुडे समाचारदाता**

लहान । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले संघीयता विरोधी राष्ट्रिय स्वतन्त्र पार्टीलाई भन्दै मधेशले नपत्याउने टिप्पणी गरेका छन् ।

लहानमा मधेश आन्दोलनका सहिदप्रति मार्याल्पण गर्दै राउतले यस्तो टिप्पणी गरेका हुन् । मधेशी जनताको बलिदानीको बलमा आएको संघीयता समाप्त पार्नकै लागि आफूलाई कहिल्यै मधेशी नभन्ने बालेन्द्र शाहलाई मधेशपुत्रका रूपमा अघि सारेर रास्वपाले यहाँको भोट बटुल्ने नीति अख्तियार गरेको राउतको आरोप छ ।

'प्रदेशसभा जलाउने, प्रदेश र संघीयता चाहिन्न भन्नेहरूलाई मधेशले प्रतिकार गर्छ, मधेशी जनता त्यस्तालाई पत्याउनेवाला छैन,' राउतले भने, 'राष्ट्रिय राजनीतिमा मधेशकै भोट निर्णायक हो, मधेशको भोट बटुलेर ठूलो शक्ति बन्ने र संघीयता समाप्त पार्ने उनीहरूको षड्यन्त्र छ ।'

मधेशलाई मधेशको आत्मसम्मान, स्वाभिमान, अधिकार र संघीयताका लागि लड्ने नेता नै आवश्यक रहेको भन्दै त्यस्ता व्यक्तिहरूको कुनै षड्यन्त्र सफल हुन नदिने राउतले बताए ।

स्तन क्यान्सरका लक्षण

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो खस्रो हुनु,
- स्तनको मुन्टो भित्र जानु,
- स्नतको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए चिकित्सकसंग तुरुन्तै परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८